का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ मंसिर २०८१,
सोमबार
2 December, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २८३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## उपनिर्वाचनको प्रारम्भिक रुझान

# कांग्रेस–एमाले नै मुख्य प्रतिस्पर्धी

मध्यावधि परीक्षण भनेर दलहरूले प्रचार गरेको उपनिर्वाचनको प्रारम्भिक मत परिणाम हेर्दा सत्ता साझेदारी गरिरहेका नेपाली कांग्रेस र नेकपा एमाले नै मुख्य प्रतिस्पर्धी देखिएका छन् ।

*स्थानीय तह उपनिर्वाचनअन्तर्गत बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- ४ स्वामीकार्तिक मावि मतदान केन्द्रमा मत खसाल्दै एक वृद्धा । तस्बिर : रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ मंसिर ।

आइतबार सम्पन्न स्थानीय तह उपनिर्वाचनको प्रारम्भिक नतिजाको रुझान हेर्दा मुख्य प्रतिस्पर्धी शक्ति नेपाली कांग्रेस र नेकपा एमाले नै देखिएका छन् । आइतबार राति अबेरसम्म झण्डै एक दर्जन वडा अध्यक्षको अन्तिम मत परिणाम आएको छ ।

अन्तिम मत परिणाम सार्वजनिक भएकामध्ये कांग्रेसले धेरै जितेको छ । कांग्रेस उम्मेदवारले दार्चुलाको दुँहु गाउँपालिका- ५, जाजरकोटको कुशे गाउँपालिका- ७, रोल्पाको रुन्टीगढी गाउँपालिका- ४, रोल्पाको सानीभेरी गाउँपालिका- ५, डोटीको पूर्वचौकी गाउँपालिका- ६ लगायत पालिका अध्यक्ष जितेका छन् । यी सबै वडामा एमालेका उम्मेदवार निकटतम प्रतिद्वन्द्वी छन् ।

एमालेका उम्मेदवारले दैलेखको दुल्लु नगरपालिका- १३, ओखलढुंगाको मोलुङ गाउँपालिका- ५, महोत्तरीको रामगोपालपुर गाउँपालिका- २ लगायत वडा अध्यक्ष जितेका छन् । गोरखाको गोरखा नगरपालिका- ५ मा माओवादीले जितेको छ । यसअघि यो वडामा एमालेले जितेको थियो ।

कालीकोटको तिलागुफा नगरपालिका- ४ मा भने नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले >>> पृष्ठ २ मा

## कीर्तिपुरमा ६७ प्रतिशत मतदान

काठमाडौंको कीर्तिपुर नगरपालिकामा ६७ प्रतिशत मतदान भएको छ । २०७९ सालको निर्वाचनमा यस नगरपालिकामा ७९ दशमलव २४ प्रतिशत मतदान भएको थियो । कीर्तिपुर नगरपालिकाको हलमा मतगणना गर्ने निर्वाचन अधिकृतको कार्यालयले तयारी गरेको छ ।

यस पटकको उपनिर्वाचनमा यहाँ जम्मा ३१ हजार १२२ मतदाता थिए । तर, करिब २० हजार हाराहारीमा मात्र मत खसेको आयोगको प्रारम्भिक अनुमान छ ।

२०७९ सालको निर्वाचनमा ३० हजार ३२२ मतदाता थिए । त्यसमा २४ हजार ३२ ले मतदान गरेका थिए । २०७९ सालको भन्दा यहाँ १२ प्रतिशतले कम मतदान भएको हो । >>> पृष्ठ २ मा

## कतै सुरु, कतै आज मतगणना

स्थानीय तहको उपनिर्वाचनमा मतदान सम्पन्न भएका ४१ मध्ये कम्तीमा २० तहमा आइतबार नै मतगणना सुरु भएको छ ।

काठमाडौंको कीर्तिपुर नगरपालिकासहितका केही स्थानमा आइतबार रातिदेखि मतगणना सुरु भएको छ । अन्य केही स्थानमा भने सोमबार बिहान मात्र मत गणना हुने छ ।

गुल्मीको मुसिकोट नगरपालिका- १ को वडा अध्यक्ष पदका लागि भएको उपनिर्वाचनमा ५७ दशमलव १ प्रतिशतले मतदान गरेका छन् । यहाँ मतगणना पौदीअमराई वडा कार्यालयमा गरिने छ । >>> पृष्ठ २ मा

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं, विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोका कारण हुने हिंसा अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पर्यटन क्षेत्रमा सुधारको संकेत




गत ५ वर्षका ११ महिनामा कति पर्यटक आए नेपाल ?

| | |
|---|---|
| सन् २०२४ | १,१४,५०१ |
| सन् २०२३ | १,०८,६३० |
| सन् २०२१ | २६,१३५ |
| सन् २०२० | १,९५६ |
| सन् २०१९ | १,३०,३०२ |

विस्तृत १२ पेजमा

## काठमाडौंमा ‘मुड’ नभएका मतदाता

निर्वाचन आयोगका अनुसार मतदानका लागि कुनै प्रकारको असहजता थिएन । मतदानका लागि १० वटा त बुथ नै राखिएको थियो तर पनि मतदाता मतदानमै उपस्थित नहुनुले उनीहरूमा निर्वाचनप्रति रहेको वितृष्णालाई झल्काएको छ




**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १६ मंसिर ।

आइतबार सम्पन्न स्थानीय तहको उपनिर्वाचनलाई निर्वाचन आयोग, गृह मन्त्रालय, प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसलगायतले उत्साहपूर्ण भनेका छन् ।

निर्वाचन आयोगका अनुसार नगरपालिका मेयर १, उपमेयर १, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र वडा अध्यक्ष ३३ गरी ४१ पदका लागि भएको >>> पृष्ठ २ मा

## NPL आजको खेल

काठमाडौं गुर्खाज VS चितवन राइनोज
बिहान ९: १५ बजे

कर्णाली याक्स VS जनकपुर बोल्ट्स
दिउँसो १: १५ बजे

## आँखीझ्याल




नसर्ने रोग नियन्त्रण गर्न एकमहिने परीक्षण अभियान चलाइने




मानव विकास ज्ञान–विज्ञान र दर्शन




किस्ना आचार्य ‘रोशनी’को ‘निरीमाया’ सार्वजनिक




बंगलादेशसँग पराजित नेपाल प्रतियोगिताबाटै बाहिरियो

## प्रधानमन्त्री ओली आज चीन जाँदै

# बीआरआईदेखि कनेक्टिभिटीसम्म एजेन्डा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १६ मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओली चीनको औपचारिक भ्रमणका लागि सोमबार बिहान बेइजिङ प्रस्थान गर्दै छन् । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उनी २० मंसिरसम्म चीनको औपचारिक भ्रमणमा रहने छन् । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङ र चिनियाँ समकक्षी लीसँग भेटवार्ता गर्ने छन् । भेटवार्तामा द्विपक्षीय आपसीहितका विविध विषयमा छलफल हुने नेपालको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

चिनियाँ प्रधानमन्त्री लीसँग हुने द्विपक्षीय वार्तामा २ देशबीचका एजेन्डाहरूमा छलफल हुने तथा सहमति र सम्झौतामा हस्ताक्षर हुने छ । त्यसपछि प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सीसँग द्विपक्षीय भेटवार्ता गर्ने छन् । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका छ । >>> पृष्ठ २ मा

परियोजना संचालनका लागि चीनले कार्यान्वयन योजना सम्झौता गर्नुपर्ने बताउँदै आएको छ । प्रधानमन्त्री ओलीको भ्रमणको क्रममा सहकार्य फ्रेमवर्कमा हस्ताक्षर भए नेपालमा बीआरआई परियोजना संचालनको ढोका खुल्ने छ

## बीआरआईमा अनुदान मात्र

चीनको बहुचर्चित बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत संचालन हुने परियोजनामा नेपाल सरकारले अनुदान मात्र लिनेगरी सरकारको तयारी छ ।

सत्ता गठबन्धनका २ दल कांग्रेस र एमालेले बीआरआईको विषयमा साझा धारणा बनाएपछि बीआरआई परियोजनामा ऋण नलिने निष्कर्षमा सरकार पुगेको हो ।

चीनले पठाएको बीआरआई कार्यान्वयन प्रस्तावको शीर्षक बदलेर सत्तारूढ दलले सहमतिको खाका तयार गरेका छन् ।

यसअघि चीनले बीआरआई कार्यान्वयन योजनाका रूपमा १० पृष्ठको प्रस्ताव नेपाललाई पठाएको थियो । त्यसमाथि गहन छलफल भएपछि २ दलले त्यसको शीर्षक फेरेर >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# ४ महिनामा साढे २ लाख रोजगारी खोज्दै विदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर ।

चालू आर्थिक वर्षको ४ महिनाको अवधिमा रोजगारी खोज्दै करिब साढे २ लाख नेपाली विदेशिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार कार्तिक मसान्तसम्म २ लाख २७ हजार ८३ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् ।

कात्तिकमा ७० हजार ९९० जना वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या पनि अघिल्लो वर्षको तुलनामा बढेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा जानेको संख्या बढ्दै जाँदा संस्थागत अर्थात् म्यानपावर कम्पनीबाट जानेको संख्या भने कार्तिक महिनामा पनि घटेको छ । गत असोजमा २४ हजार ३९१ जना गएकामा कार्तिक महिनामा म्यानपावर >>> पृष्ठ २ मा

*चालू आर्थिक वर्षका ४ महिनामध्ये भदौ र असोजमा क्रमश: १ हजार ७४६ र १ हजार ७५२ जना वैदेशिक रोजगारीका लागि गएकामा साउन र कार्तिकमा क्रमश: २ हजार ३७२ र २ हजार ३३० जना महिला व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन्*

### भिजिट भिसा सेटिङ मुद्दा

## अधिकृत बराललगायत ८ जनालाई सफाइ

**काठमाडौं/मस–** काठमाडौं जिल्ला अदालतले भिजिट भिसाको सेटिङ सम्बन्धमा गरेको मुद्दाको फैसला तयार हुन बाँकी छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्माको इजलासले शुक्रबार उक्त मुद्दाको फैसला गरेको थियो ।

त्यस सम्बन्धमा मध्यान्ह दैनिकको आइतबारको अंकमा समाचार प्रकाशन भएको थियो । मुद्दामा प्रतिवादी बनाइएका अधिकृत कुशल बरालले प्रकाशित समाचारमा प्रतिक्रिया जनाउँदै ४ जनालाई मात्र दोषी ठहर गरी आफूसहित अधिकृतहरू विमल पौडेल, ताराबहादुर कुँवर, शैलेन्द्र ढकाल, विष्णु अर्याल, विकास डंगोल, पिताम्बर रिमाल र सुजन फागोले सफाइ पाएको र पुनर्वहालीको प्रक्रियामा रहेको बताए । >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ मंसिर २०८१, सोमबार
2 December 2024, Monday

# सुधारमा केन्द्रित हुन शिक्षामन्त्रीको निर्देशन



**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले नागरिकप्रतिको उत्तरदायित्व महसुस गरेर सुधारमा केन्द्रित हुन मन्त्रालय मातहतका कर्मचारीलाई निर्देशन दिएका छन् ।

आइतबार मन्त्रालयअन्तर्गतको उच्च व्यवस्थापन समूहको बैठकमा उनले प्रधानमन्त्रीले खोजेको रूपान्तरणको योजनालाई ख्याल गर्दै नागरिकप्रतिको उत्तरदायित्व महसुस गरी सुधार गर्नुपर्नेमा जोड दिए । मन्त्री भट्टराईले कार्ययोजना कार्यान्वयन कार्यविधि र प्रारूप अनुसार काम गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत मन्त्रालय मातहतका निकायसँग निरन्तर संवादसहित अन्तरनिकाय समन्वयमा काम गर्न आग्रह गरे ।

उनले समन्वय र सहकार्यको अभावमा कार्यसम्पादन उत्कृष्ट र गुणस्तरीय नहुने हुँदा समन्वय, सहकार्य र सहअस्तित्वका भावना अनुसार प्राथमिकताका साथ काम गर्नुपर्ने धारणा व्यक्त गरे । बैठकमा मन्त्रालयका सचिवहरूसहित, महाशाखा प्रमुख, विभागीय प्रमुखलगायत उपस्थित थिए ।

# रुन्टीगढी–४ को उपनिर्वाचनमा पुन विजयी

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १६ मंसिर



रोल्पाको रुन्टिगढी गाउँपालिका-४ को उपनिर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार भुपमणी पुन विजयी भएका छन् । नेपाली कांग्रेसका पुनले ६ सय ४३ मत लिएर वडाध्यक्षमा निर्वाचित भएको निर्वाचन आयोग स्थानीय तह उपनिर्वाचन २०८१ मुख्य निर्वाचन कार्यालयले जानकारी गराएको छ ।

नेकपा एमालेका उम्मेदवार बेगम पुन मगरले ५ सय ३५ मत प्राप्त गरेका छन् । नेकपा माओवादी केन्द्रका उम्मेदवार नरेशजंग शाही ठकुरीले ७० मत प्राप्त गरेका छन् । राष्ट्रिय प्रजातन्त्र राप्रपाका उम्मेदवार पहल बहादुर वलीले ७ मत प्राप्त गरेका छन् । मंगोल नेशनल अर्गनाइजेसन पार्टीका उम्मेदवार पूर्ण बहादुर बुढाले ७ मत प्राप्त गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका उम्मेदवार हिमबहादुर पुनले १० मत प्राप्त गरेका छन् ।

जम्मा १ हजार ९ सय मतमध्ये १ हजार २ सय ९७ मत खसेको थियो । जसमा २१ मत बदर भएको छ । उपनिर्वाचनमा कांग्रेस उमेदवार भुपमनी पुन नेकपा एमालेका उम्मेदवार बेगम पुन मगर भन्दा १ सय ८ को मतान्तरले विजय भएका छन् ।

रुन्टिगढी गाउँपालिका-४ का वडाध्यक्ष टंक बहादुर पुनको स्क्रब टाइफसका कारण २०८० असार २७ गते अस्पतालमा निधन भएको थियो । पुन नेपाली कांग्रेसबाट २०७९ को स्थानीय तह निर्वाचनमा निर्वाचित वडाध्यक्ष थिए । उक्त रिक्त पदका लागि आइतबार बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान भएको थियो । रुन्टिगढी गाउँपालिका-४ को उपनिर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको निर्वाचन आयोग स्थानीय तह उपनिर्वाचन २०८१ मुख्य निर्वाचन कार्यालयले बताएको छ ।

## उपनिर्वाचनको...

वडाध्यक्ष जितेको छ । नेमकिपाका खड्गराज शाहीले १४३ मत ल्याएर माओवादीका नैशोभा शाहीलाई हराएका हुन् । यसअघि यो वडामा माओवादीले जितेको थियो ।

यद्यपि, दलहरूको परीक्षण भने पालिका पदाधिकारीमा हुने छ । कीर्तिपुर नगरपालिकाको मेयर, मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष, दैलेखको महाबु गाउँपालिका अध्यक्षसहित ८ जना पालिका पदाधिकारीका निम्ति यो उपनिर्वाचन भएको छ ।

यसअघि जितेको स्थिति हेर्दा कांग्रेसले जितेको २७ स्थान, एमालेले जितेको ७ र माओवादीले जितेका ८ स्थानमा उपनिर्वाचन भएको छ । प्रारम्भिक नतिजा हेर्दा कांग्रेस, एमाले र माओवादीको स्थिति देखिने अनुमान लगाउन सकिन्छ ।

आइतबार सम्पन्न स्थानीय तह उपनिर्वाचनमा ६२ प्रतिशत मत खसेको छ ।

निर्वाचन आयोगका अनुसार उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको उपनिर्वाचनमा ६२ प्रतिशत मतदान भएको हो । आयोगले सबै स्थानमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएको जनाएको छ ।

१/१ जना उम्मेदवारी कायम भएकाबाहेक नगरपालिकाका मेयर १ जना, उपमेयर १ जना, गाउँपालिकाका अध्यक्ष २ जना, उपाध्यक्ष ४ जना तथा वडा अध्यक्ष ३/३ जना गरी जम्मा ४१ पदका लागि आइतबार उपनिर्वाचन भएको हो । उपनिर्वाचनमा राजनीतिक दलका २७४ जना र स्वतन्त्र १०२ जना गरी जम्मा ३७६ जना उम्मेदवार थिए ।

उपनिर्वाचनमा २५ राजनीतिक दल दर्ता भएकामा २० वटा दलका उम्मेदवारमा चुनावी मैदानमा थिए । ओखलढुंगा र कैलाली जिल्ला समन्वय समितिको मेयरमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल)को मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो भने रुकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगंगा गाउँपालिका- २ को वडा अध्यक्षमा माओवादी केन्द्रका उम्मेदवार जगत् घर्तीको मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो । उनीहरू यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् ।

आयोगका अनुसार मतदान सम्पन्न भएपछि मतपेटिका सुरक्षित रूपमा संकलन गरिएको छ । एउटा मात्रै मतदान स्थल रहेका १५ वटा वडाको वडा अध्यक्ष पदको मतगणना सम्बन्धित मतदान स्थलमा नै हुने व्यवस्था मिलाइएको छ भने अन्य स्थानमा सबै मतदान स्थलबाट मतपेटिका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा संकलन गरी मतगणना हुने छ ।

आयोगका अनुसार जाजरकोट र काठमाडौं महानगरपालिका- १६ मा कम मतदान भएको छ । आयोगले केही मतदान केन्द्रमा बढीमा ८५ प्रतिशतसम्म मतदान पनि भएको छ ।

सबैभन्दा बढी डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५ मा मत खसेको छ भने सबैभन्दा कम काठमाडौं महानगरपालिकाको वडा-१६ मा खसेको छ ।

आयोगले उपनिर्वाचनका लागि १६२ मतदानस्थल र २९३ मतदान केन्द्र तोकेको थियो ।

### कीर्तिपुरमा...

कीर्तिपुरमा ११ जना स्वतन्त्र उम्मेदवार र ८ जना दलका उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए । २०७९ सालमा कीर्तिपुरको मेयरमा नेपाली कांग्रेसका उम्मेदवार राजकुमार नकर्मी ९ हजार ४३ मतसहित विजयी भएका थिए ।

उनले निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार केशरत्न बज्राचार्यलाई ३ हजार ५३६ मतान्तरले पराजित गरेका थिए । यस्तै, काठमाडौंको १६ नम्बर वडामा पनि करिब ५० प्रतिशत मात्र मत खसेको छ । यहाँ २०७९ सालको निर्वाचनमा वडा अध्यक्ष पदको मत १० हजार ६० थियो । यो पटक कम मत खसेको हो ।

### कतै...

तर, हुम्लाको सर्केगाड गाउँपालिकामाा भने मतपेटिका पुग्न ढिला हुने भएपछि सोमबार बिहानदेखि मात्र मतगणना गरिने मुख्य निर्वाचन अधिकृत शम्भु बरालले बताए ।

दोलखाको गौरीशंकर गाउँपालिकामा ५० प्रतिशतभन्दा कमले मात्र मतदान गरेका छन् । यहाँ सोमबार मात्र मतगणना हुने भएको छ । वडा- ९ को मतपेटिका हेलिकोप्टरबाट ल्याइएपछि मतगणना हुने छ ।

जाजरकोटको नलगाड नगरपालिकामा उपमेयर र कुशे गाउँपालिका- ७ को वडा अध्यक्ष पदका लागि भएको उपनिर्वाचनको मतदानमा ६५ प्रतिशत मत खसेको छ । यहाँ सोमबारदेखि मतगणना गरिने छ । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५ को मतगणना सोमबार बिहानदेखि हुने छ ।

उपनिर्वाचन भएको गण्डकी प्रदेशको एक मात्र स्थान गोरखाको गोरखा नगरपालिका- ५ मा मतगणना सुरु भएको छ ।

रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष पदका लागि भएको उपनिर्वाचनको मतगणना पनि सोमबार नै हुने छ ।

### काठमाडौंमा...

निर्वाचनमा करिब ६२ प्रतिशत मतदान भएको छ । यसलाई समग्रमा उत्साहजनक रूपमा मतदान भएको हो । तर, काठमाडौं वडा- १६ मा भएको मतदानले मतदाताको मुड बताउँछन् ।

निर्वाचन आयोगका अनुसार काठमाडौं- १६ मा आधा मात्र मतदाताहरू मतदान गर्नै गएनन् । निर्वाचन आयोगका अधिकारीहरू नै देशको राजधानी शहर काठमाडौंमै मतदाताहरू कम उपस्थित हुनु चिन्ताजनक रहेको बताउँछन् ।

काठमाडौं- १६ नम्बर वडामा २१ हजार २५ मतदाता थिए । त्यसमध्ये १० हजार ५५८ मत मात्र खस्यो । यो ५० दशमलव २१ प्रतिशत हो । निर्वाचन आयोगका अनुसार यो देशभर उपनिर्वाचन भएका ४१ स्थानमध्ये सबैभन्दा न्यून प्रतिशत हो ।

यो वडामा २०७९ वैशाखमा भएको निर्वाचनमा नेपाली कांग्रेसबाट मुकुन्द रिजाल विजयी भएका थिए । रिजालको निधन भएपछि रिक्त पदमा आइतबार उपनिर्वाचन भएको हो ।

यो वडा काठमाडौंको मुख्य क्षेत्रमा पर्छ । यो वडाभित्र बालाजु, माछापोखरी, बनस्थली, सोह्रखुट्टे, नयाँ बजारलगायतका क्षेत्रहरू पर्छन् । तर, यो क्षेत्रका आधा मतदाता मतदान गर्न नै गएनन् । निर्वाचन आयोगका अनुसार मतदानका लागि कुनै प्रकारको असहजता थिएन । मतदानका लागि १० वटा त बुथ नै राखिएको थियो तर पनि मतदाता मतदानमै उपस्थित नहुनुले उनीहरूमा निर्वाचनप्रति रहेको वितृष्णालाई झल्काएको छ । सुविधाजनक क्षेत्र, तुलनात्मक रूपमा सचेत र शिक्षित भनिएको क्षेत्र काठमाडौंका मतदाताले निर्वाचनप्रति वितृष्णा प्रकट गरिरहेका बेला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा- ५ मा भने ८५ प्रतिशत मतदान भएको छ । आयोगका अनुसार यो ४१ पदमा भएको मतदानको सबैभन्दा बढी प्रतिशत हो ।

यो वडामा कुल मतदाता ३५३ जना थिए, जहाँ ३०३ मत खसेको छ । डोल्पाका सहायक निर्वाचन अधिकृत हरिगोपाल ज्ञवालीका अनुसार मतदान गर्नेमा १५८ महिला र १४५ पुरुष छन् ।

## प्रधानमन्त्री...

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा मुख्य सम्बोधन गर्ने छन् । त्यस्तै, उनले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मंचलाई सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीका साथमा उनकी धर्मपत्नी राधिका शाक्य रहने छन् ।

प्रधानमन्त्री ओली हिमालयन एयरलाइन्सको चार्टर्ड विमानमा चीन जान लागेका हुन् । ओलीको टोलीमा ३९ जना सरकारी भ्रमण टोलीमा र ४७ जना व्यापारिक क्षेत्रबाट छन् ।

### बीआरआईमा...

'बीआरआई कोल्याबोरेसन एग्रिमेन्ट' भन्नेगरी सहमति गरेका हुन् ।

त्यसलाई कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री ओलीले औपचारिकता दिएपछि चीन पठाइएको छ ।

२ दलको कार्यदलले बनाएको मस्यौदामा सरकारले पूर्वाधार, शहरी विकास र कनेक्टिभिटीसँग सम्बन्धित १ दर्जन परियोजनाको सूची राखेको छ ।

नेपालले बीआरआईका लागि टोखा-खहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, काठमाडौं-हेटौंडा पोडवे, अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथ्लेक्टिस कम्प्लेक्स परियोजना अघि सार्ने भएको छ ।

नेपाल र चीनबीच बीआरआई सम्बन्धी समझदारीपत्रमा सन् २०१७ मै हस्ताक्षर भए पनि नेपालमा त्यसअन्तर्गत कुनै परियोजना सुरु भएको छैन । परियोजना संचालनका लागि चीनले कार्यान्वयन योजना सम्झौता गर्नुपर्ने बताउँदै आएको छ ।

प्रधानमन्त्री ओलीको भ्रमणको क्रममा सहकार्य फ्रेमवर्कमा हस्ताक्षर भए नेपालमा बीआरआई परियोजना संचालनको ढोका खुल्ने छ ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले काठमाडौंमा कार्यदलले गरेको सहमतिअनुसार नै चिनियाँ विदेशमन्त्री वाङ यीसँग कुराकानी गरेकी छन् । चीनले यसलाई सकारात्मक रूपमा लिएको छ ।

प्रधानमन्त्री ओलीको भ्रमणको तयारीका लागि चीनको भ्रमण गरेकी उनले चिनियाँ समकक्षीसँग भेटवार्ता गरेकी थिइन् ।

चीन भ्रमणबाट शनिबार स्वदेश फर्किएकी उनले नेपालमा बीआरआई परियोजना दुवै देशको सहमतिमै अघि बढ्ने बताइन् ।

चीनसँग व्यापार, लगानी, अन्तरदेशीय यातायात संजाल र आर्थिक, सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने विषयमा २ देशका परराष्ट्रमन्त्रीबीच छलफल भएको थियो । परराष्ट्रका एक अधिकारीका अनुसार चिनियाँ समकक्षीले त्यसमा चीन सरकार सकारात्मक रहेको बताएका छन् ।

## ४ महिनामा...

कम्पनीबाट २३ हजार ५५५ जना गएका छन् । कार्तिकमा रि-इन्ट्रीका माध्यमबाट ३४ हजार १६६ जना, सरकारी प्रणालीमा जाने दक्षिण कोरिया र इजरायलमा ६०७ जना र व्यक्तिगत श्रम स्वीकृतिमा १२ हजार ५९८ जना गएका छन् ।

व्यक्तिगत श्रम स्वीकृतिमा जानेको संख्या तीव्र रूपमा बढेको छ । असोजमा ८ हजार ९३८ जना व्यक्तिगत श्रम स्वीकृतिका लागि गएकामा कार्तिकमा १२ हजार ५९८ जना गएका छन् । प्रतिशतका हिसाबले असोजको तुलनामा कार्तिकमा व्यक्तिगत श्रम स्वीकृतिमा गएको संख्या ४० प्रतिशतभन्दा बढी छ ।

४ महिनाको अवधिमा म्यानपावर कम्पनीबाट १ लाख २ हजार ९८२ जना वैदेशिक रोजगारीमा जाँदा व्यक्तिगत श्रम स्वीकृतिमा ३६ हजार ८१५ जना गएका छन् । व्यक्तिगत श्रम स्वीकृतिका माध्यमबाट जानेमा पुरुष कामदार सँगसँगै महिलाको संख्यामा पनि तुलनात्मक रूपमा उच्च मात्रामा वृद्धि देखिएको छ ।

चालू आर्थिक वर्षका ४ महिनामध्ये भदौ र असोजमा क्रमशः १ हजार ७४६ र १ हजार ७५२ जना वैदेशिक रोजगारीमा गएकामा साउन र कार्तिकमा क्रमशः २ हजार ३७२ र २ हजार ३३० जना महिला व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् ।

सरकारले महिला कामदारमाथि जोखिम बढेको भन्दै घरेलु काममा पठाउन श्रम स्वीकृति रोकेको छ । तर, व्यक्तिगत श्रम स्वीकृतिमा गएका महिलाको संख्यामा पछिल्ला महिनामा गएको तथ्यांकले उनीहरू संस्थागत अर्थात् कम्पनीमा काम गर्न गएकामा शंका गर्नुपर्ने कतिपयको भनाइ छ । व्यक्तिगत श्रम स्वीकृतिमा जाने पुरुष तथा महिलाको प्रमुख गन्तव्य यूएई रहेको पनि विभागको तथ्यांकले देखाएको छ ।


यसरी व्यक्तिगत रूपमा जाने प्रवृत्तिले जोखिम बढाउने विज्ञहरूले बताए पनि वैदेशिक रोजगार विभागले सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्दै आएको छ ।

### अधिकृत...

लिखत किर्ते तथा संगठित अपराधसम्बन्धी कसुरमा गीता शाह, अरुण दाहाल, सरोजकुमार यादव र गणेश पाण्डेलाई मात्र कसुरदार कायम गरिएको पनि अधिकृत बरालले बताए ।

सफाइ पाएका अधिकृतहरूले अदालतबाट लिखित जानकारी लिएर तत्कालीन अवस्थामा आफू कार्यरत कार्यालयमा पेस गर्ने छन् । लिखत किर्ते र संगठित अपराधसम्बन्धी कसुरमा कसुरदार ठहर भएकाहरूलाई कैद निर्धारण गर्न अर्को पेसी तोकिने बताइएको छ ।

# गढीमाई मेलाको समस्या समाधान गर्न प्रत्येक दिन छलफल हुने



**राहुल गुप्ता/मध्यान्ह**
बारा, १६ मंसिर

विश्व प्रसिद्ध गढीमाई मेलाको समस्या समाधानको लागि प्रत्येक दिन प्रमुख जिल्ला अधिकारी र मेला व्यवस्थापन मूल समितिबीच छलफल हुने भएको छ । गढीमाई मेलामा आउने समस्यालाई समाधानको लागि प्रत्येक दिन साँझ छलफलमार्फत समस्याको समाधान गरिने भएको हो ।

मंसिर १ गतेदेखि विधिवत् रुपमा शुरु भएको विश्व प्रसिद्ध गाढीमाई मेलामा मूल समिति या उपसमितिको कुनै पदाधिकारीले केही गल्ती गरेमा कारबाहीको प्रक्रिया अगाडि बढाइने गढीमाई मेला व्यवस्थापन छलफल कार्यक्रममा नगरप्रमुख उपेन्द्र यादवले बताए । उनले भने,'जो कोही कतैबाट अनाधिकृत रुपमा कुनै पनि व्यापारीसँग पैसा लिएको प्रमाण भेटेसँगै त्यस्तालाई कारबाहीको लागि प्रहरीको जिम्मा लगाइने छ ।'

शनिबार बेलुका महागढीमाई नगरपालिकाको सभाहलमा प्रमुख जिल्ला अधिकारी र मेला व्यवस्थापन मूल समितिबीच गढीमाई मेलाको बारेमा बृहत् छलफल भएको छ । विश्व प्रसिद्ध गढीमाई मेलामा आउने समस्यालाई छलफलमार्फत समाधान गर्ने गरी प्रशासनले समेत काम गर्ने प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताए ।

गढीमाई मेला सञ्चालनको लागि गठन गरिएको उपसमितिका सबै सदस्यहरु २४ औं घण्टा मेला मूल समितिको कार्यालयमै बसेर मेला व्यवस्थापन लाग्नुपर्नेमा नगरप्रमुख उपेन्द्र प्रसाद यादवले जोड दिए । आवश्यता अनुसार आफू पनि मेला व्यवस्थापन समितिको कार्यालयमा २४ घण्टा बस्ने र मेलामा आउने दर्शनार्थी या व्यापारीलाई कुनै किसिमको समस्या भए त्यसको तुरुन्त समाधान गर्ने गरी सबै उपसमितिलाई काम गर्नुपर्ने आवश्यक रहेको नगरप्रमुख यादवले निर्देशन दिए ।

विश्व प्रसिद्ध गढीमाई मेलामा अहिले विद्युतिकरणमा समस्या रहेकोले त्यसको समाधानको लागि विद्युत कार्यालयका हाकिम र इन्जिनियरलाई मेलामा कुनै किसिमको विद्युतको कमि नहुने गरी काम गर्न निर्देशन दिनको लागि नगरप्रमुख यादवले प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीसँग आग्रह गरेको छ । मेला समितिको तर्फबाट नेपाल विद्युत प्राधिकरण कलैयामा १८ लाख रुपैयाँ धरौती राखिए पनि विद्युतिकरणको समस्या अझै विद्युत कार्यालय समाधान गर्न नसकेको प्रति नगरप्रमुख यादवले प्रमुख जिल्ला अधिकारी समक्ष दुखेसो पोखे ।

मेला समितिको उपसमितिको जति सदस्य र संयोजकहरु छ, सबैले हातेमालो गरेर मेला व्यवस्थापनमा लाग्नुपर्नेमा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जोड दिए ।

### भूल सुधार

२०८१ मंसिर १६ गतेको अंकमा पृष्ठ ३ र पृष्ठ ५ मा केही समाचार दोहोरो परेकाले सच्याइएको छ ।

सं.

## तपाईंको राशिफल

- मेष : आम्दानी राम्रो हुने छ । अनावश्यक कार्य गर्नु हुँदैन । राजनीतिक कार्य सफल हुने छ ।
- वृष : नयाँ सम्बन्धमा वृद्धि हुने छ । जीवनसाथीको सहयोग प्राप्त हुने छ । सामाजिक सम्मानमा वृद्धि हुन्छ ।
- मिथुन : वाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्ने छ । राजनीतिक सहयोग प्राप्त हुने छ ।
- कर्कट : आत्मविश्वास बढ्ने छ । जग्गासम्बन्धी कार्य सफल हुने छ । स्वास्थ्यमा भने ध्यान दिनु होला ।
- सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुने छ । सन्तान सुख प्राप्तिको योग छ । मुद्दासम्बन्धी कार्यमा सफलता मिल्ने छ ।
- कन्या : शारीरिक समस्याको योग छ । पद र प्रतिष्ठामा वृद्धि हुने छ । रोजगारमा वृद्धि हुने छ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ ।
- तुला : सम्पर्कमा वृद्धि हुने छ । व्यापारिक र आर्थिक प्रगति हुने छ । पैतृक सम्पत्ति प्राप्त हुने योग छ ।
- वृश्चिक : राजनीतिक कार्य सफल हुने छ । शारीरिक समस्याको योग देखिन्छ । वाहन चलाउँदा सावधानी राख्नु होला ।
- धनु : पारिवारिक जीवनमा समझदारी राख्नु जरुरी छ । दैनिक कार्यमा सफलतासँगै मन प्रसन्न हुने छ ।
- मकर : राजनीतिक कार्यमा रोकावट हुन सक्छ । पारिवारिक कार्य भने सफल हुने छ । व्यापारिक सम्बन्ध बलियो हुने छ ।
- कुम्भ : दैनिक सबै कार्य सफल हुने छ । पारिवारिक कार्य पनि सफल हुने छ । कुनै पनि कार्यमा जोखिम लिनु हुँदैन ।
- मीन : वाणी संयम राख्नु होला । जोखिम लिनु हुँदैन किनकि आर्थिक नोक्सानको योग छ । घरबाट अपेक्षित सहयोग प्राप्त हुने छ ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

# नसर्ने रोग नियन्त्रण गर्न १ महिने परीक्षण अभियान चलाइने



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नसर्ने रोग नियन्त्रणका लागि एकमहिने परीक्षण तथा पहिचान अभियान सञ्चालन गर्ने निर्णय गरेका छन् । मधुमेह, उच्च रक्तचाप तथा मिर्गौलासम्बन्धी रोगबाट पीडित बिरामी बढिरहेको भन्दै समयमै पहिचान र उपचारमार्फत बिरामी घटाउने उद्देश्यका साथ हरेक वर्ष एक महिनाभर पहिचान र उपचार अभियान सञ्चालन गर्ने निर्देशिका स्वीकृत गरेका हुन् ।

मन्त्री पौडेलले रोगको उपचार र निदानसँगै रोग लाग्न नदिन रोकथामका उपायहरू जनस्तरमा पुर्‍याउन गत साउन २७ गते आफ्नो योजना तथा प्राथमिकतामा घोषणा गरेका थिए । सोही अनुरूप हरेक वर्ष एक महिना रोकथामका लागि खर्चने गरी ‘समुदायमा नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मिर्गौलासम्बन्धी रोग, शरीरको उचाइ र तौलको अनुपात) पहिचानका लागि एकमहिने अभियान सञ्चालन निर्देशिका २०८१’ स्वीकृत गरिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आँकडाले पछिल्लो समय नसर्ने प्रकृतिका मिर्गौलामा समस्या, उच्च रक्तचाप, मधुमेहलगायत रोग प्रमुख स्वास्थ्य समस्याका रूपमा देखिरहेको देखाएको छ । अस्वस्थ्य जीवनशैली, शारीरिक निष्क्रियतालगायत कारणले नसर्ने रोग बढ्दो क्रममा छ । ‘बिरामी भएपछि हुने उपचारका लागि हामीले ठूलो स्रोत साधन खर्चनु परिरहेको छ’, मन्त्री पौडेलले भने,‘हामी अब उपचारसँगै समयमै रोग लाग्नबाट जोगिन रोकथामका अभियानमा पनि सँगसँगै लाग्नेछौं ।’

## फार्मेसीमा अनिवार्य पोसाक र परिचयपत्र लागू गरिँदै

नेपाल फार्मेसी परिषद्ले आगामी पुस ४ गतेदेखि ‘फर्मासिष्ट’लाई अनिवार्य पोशाक र परिचयपत्रको व्यवस्था लागु गर्ने भएको छ । उक्त व्यवस्था लागू गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक सहयोग गर्ने जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको आग्रह बमोजिम परिषद्ले पहिलो चरणमा फर्मासिष्टको पहिचान खुलाउन पोशाक अनिवार्य गर्ने निर्णय गरेको थियो । परिषद्ले फर्मासिष्ट तथा सहायकका लागि सेतो एप्रोनसहितको पोशाक र पोशाकमै परिचयपत्र अनिवार्य गर्ने जनाएको छ । कुनै पनि सामुदायिक फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि वितरणमा कार्यरत फर्मासिष्टले एप्रोनसँगै हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर तथा फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर अनिवार्य राख्नुपर्ने निर्णय आगामी पुस ४ गतेदेखि लागू हुँदैछ ।

यस निर्णयले औषधि बिक्रीवितरणमा आधिकारिक व्यक्तिमात्र संलग्न हुने र कुनै कैफियत देखिएमा कारबाही गर्न सहयोग पुग्ने परिषद्का रजिस्टार सञ्जिवकुमार पाण्डेले बताए । मन्त्री पौडेलले यस व्यवस्थाको अनुगमन कडा गर्न आग्रह गर्दै मन्त्रालयले कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाए । औषधि बिक्रीवितरणलाई व्यवस्थित र नियमित बनाउन मन्त्री पौडेलले औषधि व्यवस्था विभागलाई अनुगमन बढाउन सजग गराएका छन् ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले पत्राचार गर्ने बताए । यसका अलावा औषधि बिक्रीवितरणमा बेथिति देखिए नदेखिएको अनुगमन गर्ने र दोषी देखिएमा एकैसाथ कारबाही गरिने उनले बताए । औषधिको मूल्य समायोजन गर्न गठित समितिले काम गरिरहेको छ । समितिको सुझावअनुसार अधिकतम उपयोग हुने औषधिमा नागरिकलाई कम भार पर्नेगरी मूल्य समायोजन गर्ने मन्त्रालयको तयारी छ ।

# बालबालिकालाई प्रमाणपत्र र पदक प्रदान



**नेपालगन्ज/मस–** मन्टेश्वरी एशोसिएशन बाँकेको आयोजनामा बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि तीन दिवसीय जिल्ला स्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भएको छ ।

‘खेलमा शक्ति : अध्ययनमा ज्ञान’ भन्ने नाराका साथ नेपालगन्ज उपमहानगरपालिका वडा नं. १ स्थित खेल मैदानमा मंसिर १३ गतेदेखि शुरु भएको उक्त खेलकुद प्रतियोगिता शनिबार समापन तथा प्रमाण पत्र वितरण समारोहको आयोजना गरिएको हो ।

बाँके जिल्लाका ७ वटा मन्टेश्वरी स्कुलका विद्यार्थीहरु सहभागी भएको सो प्रतियोगितामा फुटवल, रिले, जम्पिङ, ब्यालेन्सिङ, दौड, म्युजिकल चियर, कुर्ची दौड इन आउट लगायतका खेलहरु खेलाइएको थियो ।

सात वटा मन्टेश्वरी स्कुलका १ सय ६५ जना विद्यार्थीहरुको सहभागिता रहेको सो प्रतियोगितामा लिटिल होराईजन मन्टेश्वरी, क्रियटिभ चिल्ड्रेन होम, मोडर्न क्रियटिभ चिल्ड्रेन जोन नेपालगन्ज, नोबेल प्रि-मन्टेश्वरी, स्माल ह्याभेन मन्टेश्वरी, दोश्रो पाइला मन्टेश्वरी कोहलपुर र ग्रेस मन्टेश्वरी वैजनाथका विद्यार्थीहरुको सहभागिता थियो ।

मन्टेश्वरी एसोसिएसन बाँकेका सचिव खिमा थापाले बालबालिकाहरुको मानसिक, शारीरिक तथा सर्वाङ्गिण विकासका लागि टेवा पुर्‍याउने उद्देश्यले आयोजित खेलकुद कार्यक्रममा प्रतिस्पर्धात्मक नभइ सहभागितात्मक भएको जानकारी दिँदै शनिबार सम्पन्न कार्यक्रममा सहभागी ७ वटै मन्टेश्वरी स्कुलका बालबालिकाहरुले सामूहिक नृत्य प्रस्तुत गरेर समापन कार्यक्रमलाई रोचक बनाउनुका साथै अतिथि, अभिभावक र बालबालिकाहरुलाई मनोरञ्जन पनि प्रदान गरेको बताइन् । सचिव थापाले मन्टेश्वरी स्कुलहरुले भोग्नुपर्ने विविध समस्याहरुको समाधानका लागि १२ बुँदे माग र ध्यानाकर्षण पत्र बाँकेका ८ वटै पालिकाहरुमा बुझाएको तीन वर्ष बितिसक्दा पनि कुनै चासो नदिइएको गुनासो गरिन् ।

प्रतियोगितामाा सहभागी बालबालिकाहरुलाई कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद् मीना श्रेष्ठले प्रमाण-पत्र तथा पदक वितरण गर्दै विद्यालयका शिक्षिकाहरुले जुन मेहनतका साथ बालबालिकाहरुलाई पठन पाठन गराउँछन्, सोही अनुसार अधिकांश समय घरमा बिताउने उनीहरुलाई आमा बुबा तथा अभिभावकहरुले पनि हेरचाह, होम वर्क र अन्य क्रियाकलापमा सहयोग र उत्प्रेरित गर्नुपर्ने धारणा राखिन् । सो अवसरमा नेपालगन्ज उपमहानगरपालिका वडा नं. १ का अध्यक्ष प्रमोद रिजालले बौद्धिक विकासका लागि स्वास्थ्य र स्वास्थ्यका लागि खेलकुद अनिवार्य हुनुपर्नेमा नेपालगन्जका नीजि क्षेत्रका विद्यालयहरुमा खेल मैदानको कमि भएको बताउँदै मन्टेश्वरीका बालबालिकाका लागि आवश्यक पर्ने खेलको पूर्वाधार र अन्य सहयोगका लागि नेपालगन्ज उपमहानगरपालिकामा प्रस्तावना पेश गर्नु भयो भने सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । मन्टेश्वरी एशोसिएसन बाँकेका अध्यक्ष दुर्गा बजगाईंको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा बोल्दै एशोसियसनका सल्लाहकार तथा वरिष्ठ पत्रकार पूर्णलाल चुकेले स्वर्गीय मारिया मन्टेश्वरीको परिकल्पना र अवधारणा अनुसार विश्वभर लोकप्रिय बन्दै गएको मन्टेश्वरी शिक्षण विधि, पद्दति र सिकाईका साथै बालबालिहरुलाई सुसंस्कृत पनि बनाउनु पर्नेमा जोड दिए । उनले भने, ‘भोलिका देशका कर्णधार आजका कलिला बालबालिकाको भविष्य निर्माण गर्ने र उनीहरुको उज्वल भविष्यको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षिकाहरुलाई बधाई दिँदै आमा बुबाले त जन्म दिने, पालनपोषण गर्ने मात्र गर्छन्, तर तपाईहरुले त उनीहरुको उज्वल भविष्य निर्माण गर्ने जस्तो महत्वपूर्ण र स्तुतीयोग्य जिम्मेवारी निर्वाह गरिरहनु भएको छ ।’

एशोसिएशनकी अध्यक्ष दुर्गा बजगाईंले मन्टेश्वरीको अवधारणा अनुसारको शिक्षण विधि, पद्दति र सिकाईबाट बालबालिहरुलाई पठन पाठन गर्ने शिक्षिकाहरु मन्टेश्वरी स्कुलका मेरुदण्ड हुन् भन्दै उहाँहरुबाट अझ बढी मेहनत र साधना जरुरी भएको बताए ।

संस्थापक अध्यक्ष लुना बुढाथोकी लगायतले प्रमाण-पत्र तथा पदक वितरण गर्दै मण्टेश्वरी एसोसिएसन, बाँकेले बालबालिकाहरुको हरेक वर्ष स्वास्थ्यका लागि खेलकुद तथा मानसिक, शारीरिक एवम् सर्वाङ्गिण विकासका लागि टेवा पुर्‍याउने उद्देश्यले विभिन्न अतिरिक्त क्रियाकलापहरु गर्दै आएकोमा प्रशंसा र सराहना गरेका थिए ।

## एचआईभी संक्रमितहरू जन्मदर्ता तथा नागरिकताबाट बञ्चित : आयोग



**काठमाडौं/मस–**राष्ट्रिय मानव अधिकार आयोगको एक अध्ययनले एचआइभी संक्रमितहरू जन्मदर्ता तथा नागरिकताको अभावमा विभिन्न अवसरबाट वञ्चित रहेको देखाएको छ ।

आइतबार विश्व एड्स दिवसका अवसरमा आयोगले ‘एचआइभी एड्स संक्रमित नागरिकको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन २०८१’ सार्वजनिक गर्दै संक्रमित तथा उनीहरूका परिवारले यस्तो समस्या भोग्दै आएको देखाएको हो । एचआइभी संक्रमित भइ मृत्यु भएका व्यक्तिका संक्रमित श्रीमती, छोरा र छोरीको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र प्राप्त गर्न नसकेको प्रतिवेदनले देखाएको छ ।

जन्मदर्ता तथा नागरिकताकै अभावमा सङ्क्रमित तथा उनीहरूका परिवारले व्यवसाय, रोजगारी, स्वास्थ्य बिमा, अचल सम्पत्ति खरिदजस्ता विभिन्न समस्यासँग सङ्क्रमितहरू जुधिरहेको अध्ययनले देखाउँछ । प्रतिवेदनले अछाम, कैलाली र कपिलवस्तु जिल्लामा यस्तो समस्या देखाएको छ ।

सरकारी निकाय, एआरटी सेन्टर लगायतले तथ्याङ्क प्रणालीमार्फत संक्रमितको गोपनीयताको अधिकार संरक्षण गरिरहे पनि समग्रमा सङ्क्रमितको गोपनीयताको अधिकार सुरक्षित नदेखिएको प्रतिवेदनले देखाएको छ । यसैगरी, संक्रमितले विभिन्न ठाउँमा लाञ्छना र विभेद भोग्दै आएको देखाएको छ । कपिलवस्तुमा स्वास्थ्यकर्मीले कागजातमा ठूलो अक्षरमा एचआइभी संक्रमित लेखिदिने कारण गोपनीयता उल्लंघन महसुस गरेको प्रतिवेदनले देखाउँछ । गोरखामा गोपनीयता भंग भएकै कारण विद्यालय शिक्षकले रोजगारी गुमाउनुपरेको उल्लेख छ ।

प्रतिवेदनले मुलुकी अपराधसंहिता २०७४, मुलुकी देवानीसंहिता, २०७४ जस्ता मौजुदा कानुनमा विभेदजन्य भाषा संशोधन गर्नुपर्ने सुझाव दिएको छ । एचआइभी सङ्क्रमण दर नियन्त्रण, अद्यावधिक, जनचेतना, सङ्क्रमितको जीविकोपार्जनलगायत काममा स्थानीय र प्रदेश दुवै तहको सरकारको भूमिका कमजोर देखिएको जनाइएको छ ।

अध्ययनका लागि संक्रमितकै परामर्शमा सुदूरपश्चिम प्रदेशका अछाम, डोटी, डडेलधुरा, कैलाली, लुम्बिनी प्रदेशका नवलपरासी (पश्चिम), रुपन्देही र कपिलवस्तु, बागमती प्रदेशका काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवनलाई नमूना जिल्ला छनोट गरी प्राथमिक तथा द्वितीय तथ्यांकको संकलन तथा विश्लेषण गरिएको छ ।

भारतमा श्रम गरेर फर्किने नेपाली आप्रावासी श्रमिक र उनीहरूका परिवार, यौनकर्मी, यौनकर्मीका ग्राहक, लागुऔषध प्रयोगकर्ता एचआइभीको उच्च जोखिममा रहेको अध्ययनले देखाएको छ । आयोगका अध्यक्ष तपबहादुर मगरले अध्ययनको मुख्य उद्देश्य एचआइभी संक्रमित व्यक्तिको मानव अधिकारको अवस्था र यसको समीक्षा गर्न प्रतिवेदन सार्वजनिक गर्नाका साथै थप आवश्यक कार्य सम्पादनका लागि सरकारसमक्ष सिफारिस गर्नु रहेको बताए ।

# दमाममा राहदानी नवीकरण, ३८८ श्रमिकले लिए सेवा



**गुभाजु अन्जान/मध्यान्ह**
साउदी अरब, १६ मंसिर

साउदी अरबको पूर्वीय प्रान्त दमाममा राहदानी नवीकरण वितरण सेवा सफलतापूर्वक सम्पन्न भएको छ । नेपाली दूतावास, रियादको पहलमा आयोजित यस कार्यक्रममार्फत ३८८ नेपाली श्रमिकलाई नयाँ राहदानी वितरण गरिएको छ ।

साउदीको पूर्वी क्षेत्रका दम्माम, जुबेल, अलहासा, खोबर, कतिफ लगायतका विभिन्न स्थानमा रहेका सेवाग्राहीले राहदानी नविकरण प्रक्रिया सहज बनाएकोमा खुशी व्यक्त गरे । यस सेवाले विशेषगरी पूर्वी क्षेत्रका नेपाली श्रमिकहरूको कामकाजमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्दै सहजता प्रदान गर्ने उद्देश्य राखेको थियो । साप्ताहिक बिदाको दिन सञ्चालन गरिएकाले सेवाग्राहीहरूलाई समय र सुविधाको हिसाबले सहज भएको थियो । कार्यवाहक राजदूत डा.डमरु बल्लभ पौडेलको नेतृत्वमा दूतावासका स्थानीय अधिकारीहरूको टोलीले सेवा प्रदान गरेको हो ।

कार्यक्रमलाई सफल बनाउन गैरआवासीय नेपाली संघ (एनआरएनए) साउदीको समन्वयमा विभिन्न सक्रिय संघ-संस्था र स्थानीय नेपाली समुदायले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । साथै, स्वयंसेवकका रूपमा संघ-संस्थाका प्रतिनिधिहरूले सहजीकरण र व्यवस्थापनमा सहयोग गरेका थिए ।

राहदानी वितरण कार्यक्रम प्रभावकारी र सुव्यवस्थित भएको भन्दै सेवाग्राहीहरूले खुसी व्यक्त गरेका थिए । यस सेवाले साउदी अरबमा कार्यरत नेपाली श्रमिकहरूको प्रशासनिक कार्यलाई सहज बनाउन उल्लेखनीय भूमिका खेलेको छ ।

सेवाग्राहीहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिन नेपाली दूतावास र सम्बन्धित निकायलाई आग्रह गरेका छन् । यस्ता पहलहरूले श्रमिकहरूको समस्या समाधान गर्दै उनीहरूको हितमा ठोस योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ ।

# ३७औं विश्व एड्स दिवसः गौरमा र्‍यालीसहित दीप प्रज्वलन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ मंसिर




३७ औं विश्व एड्स दिवस गौर नगरपालिकामा विभिन्न संघसंस्थाहरू मिलेर र्‍यालीसहित सम्पन्न भएको छ ।


ब्रीटिस काउन्सिल, भि.एस.ओ. र आसमान नेपालको साझेदारीमा सञ्चालित जेम्स परियोजनाको सहयोग र सहकार्यमा सप्तरंगी नेपालको आयोजनामा र्‍याली सम्पन्न गरेको हो ।

२०२४ डिसेम्बर १ का दिन ‘एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं’ भन्ने नाराका साथ मनाइएको थियो । कार्यक्रमको सुरुवात जिल्ला स्वास्थ्य कार्यालयका कार्यालय प्रमुख राजेश सिंहले उद्घाटन गरेका थिए भने स्थानीय क्षेत्रमा काम गर्ने सप्तरंगी नेपाल माया नेपाल विजाम लगायत अन्य सहकार्य संस्थाहरूको उपस्थित रहेको थियो ।

र्‍याली गौर प्रादेशिक अस्पतालबाट शुरु भएर भन्सार रोडसम्म पुगि बीपीचोकमा आएर समापन भएको थियो । ट्राफिक प्रहरी गौरको सहयोगमा ट्राफिक व्यवस्थापन गरिएको थियो । साथै साँझ बिपी चोक, गौरमा दीप प्रजवलन कार्यक्रम गरिएको थियो ।

# भारतीय नागरिकको उद्धार

**राहुल गुप्ता/मध्यान्ह**
बारा, १६ मंसिर



सशस्त्र प्रहरी बल नेपाल बाराले आत्महत्या प्रयास गर्ने एक भारतीय नागरिकको जिवितै उद्वार गरेको छ ।

बारा कलैया उपमहानगर पालिका वडा नं.१३ बलिरामपुर भन्ने स्थानमा बन्दै गरेको २४ मिटर अग्लो पक्की पानी ट्याङ्कीको संरचनामा सोही ट्याङ्की निर्माणमा मजदुरको रुपमा काम गर्दै आएका भारतीय नागरिक धिरेन्द्र चौधरीले आत्महत्याको प्रयास गरेका थिए ।

उनीसँगै काम गर्ने कामदारले देखेपछि स्थानीय बासिन्दाहरुलाई खबर गरेका थिए । उनको घाँटीबाट डोरीको पासो खोलेको तर उद्वार गर्न नसकेपछि प्रहरी चौकी बसतपुरलाई खबर गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय बाराबाट उद्धारको लागि सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म माटिअर्वा बाराबाट सशस्त्र प्रहरी नायब उपरीक्षक बिदुर भट्टराईको कमान्डमा ५ जनाको मोबाइल गस्ती टोली र जिल्ला प्रहरी कार्यालय बाराबाट प्रहरी निरीक्षक राधेश खत्रीको कमान्डमा १० जनाको संयुक्त टोलीले पानी उनको उद्वार गरेको हो । उनलाई उपचारको लागि राज्यलक्ष्मी अस्पताल कलैया बारामा पठाइएको र अवस्था खतरामुक्त रहेको सशस्त्र प्रहरी बल नेपाल बाराले जनाएको छ ।

**युएईमा रोजगार**
कम्पनी: TIRHAL EMPLOYMENT L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/१६ चलानी नं.: ६०२२९०२६ LT. No.: 314637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 30 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | CONCRETE MASON | 35 | 0 | | 1200 | ४४,०६४ | | | | | | | |
| 3. | Construction Carpenter | 35 | 0 | | 1200 | ४४,०६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर २४ गते (9 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MARS MANPOWER SERVICES PVT. LTD.**
Gov. Lic No. 1471/074/075
Ward No 4, Bishalnagar, Kathmandu, Nepal., Tel. No.: 014547013
Mobile No.: 9767268940, 9826776133, 9823475442, 9704825105, 9808726630
Web.: www.marsmanpowerservices.com | Email: info@marsmanpowerservices.com

**CYPRUS मा रोजगार**
कम्पनी: ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 शहर: Cyprus
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ चलानी नं.: ६०२२९०१८ LT. No.: 313428

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambermaid | 0 | 10 | सम्बन्धित काममा दक्ष | 700 | १००,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 850 | १२१,५०७ | | | | | | | |
| 3. | Waiters/Waitress | 5 | 5 | | 700 | १००,०६५ | | | | | | | |

कम्पनी: ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 शहर: Cyprus
पूर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२९०१७ LT. No.: 313015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambermaid | 0 | 10 | सम्बन्धित काममा दक्ष | 700 | १००,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 850 | १२१,५०७ | | | | | | | |
| 3. | Waiter/Waitress | 5 | 5 | | 700 | १००,०६५ | | | | | | | |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ र २७ गते (11 & 12 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु ४०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर–३२, तिनकुने, काठमाडौं, नेपाल
फोनः ५१९२०२८, ४१११६४४ फ्याक्सः ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१७ मंसिर २०८१, सोमबार
2 December 2024, Monday

सम्पादकीय

## उपनिर्वाचनको सोचनीय सन्देश

२०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा मतदातामा देखिएको उत्साह आइतबार सम्पन्न उपनिर्वाचनमा देखिन सकेन । यसबीचमा आमनिर्वाचन पनि सम्पन्न भइसकेको छ । आमनिर्वाचनमा पनि मतदाताको उत्साहपूर्ण सहभागिता नै देखिएको थियो । तर, उपनिर्वाचनमा भने त्यस्तो उत्साह नदेखिनुले केही गम्भीर सवाल सिर्जना गरेको छ । सर्वप्रथम त २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली जनतामा राजनीतिप्रति देखिएको आकर्षण निकै बढी थियो । दोस्रो जनआन्दोलनका बेला उर्लिएको जनसागरले पनि नेपाली जनताको राजनीतिप्रतिको रूचि राम्रैसँग देखाएको हो । यसबीचमा अनेक राजनीतिक उतारचढाव भइरहे पनि र २०५२ फागुनदेखि सुरू भएको सशस्त्र द्वन्द्वका क्रममा समेत नेपाली जनताले मतदानमा राम्रै उपस्थिति देखाएका हुन् ।

आइतबार सम्पन्न उपनिर्वाचनमा भने यस्तो अवस्था देखिएन । अझ राजधानी काठमाडौंकै मतदाताले मतदानमा उत्साह नदेखाउनु चिन्ताको विषय हो । नेपालको संविधान, २०७२ ले मतदान गर्नु वा निर्वाचनमा सहभागी हुनु नागरिकको कर्तव्य भनेको छ । तर, यहाँका मतदाताले संविधानको उक्त व्यवस्थालाई वास्ता गरेका देखिएन । शिक्षित र सम्पन्नहरूकै बाहुल्य रहेको काठमाडौंको १६ नम्बर वडामा २१ हजार २५ मतदाता थिए । त्यसमध्ये १० हजार ५५८ मत मात्र खस्यो । यो ५० दशमलव २१ प्रतिशत हो । निर्वाचन आयोगका अनुसार यो देशभर उपनिर्वाचन भएका ४१ स्थानमध्ये सबैभन्दा न्यून प्रतिशत हो । यसको संकेत जनता वर्तमान शासन पद्धतिप्रति निराश छन् वा शासकहरू र राजनीतिक दलप्रति ? भन्ने प्रश्न उब्जिन्छ ।

संविधान अनुसार राज्यमा तीन तहको सरकार छ । नागरिकले महसुस गर्ने घरदैलोको सरकार स्थानीय सरकार हो । यी निकायमा आफैंले चुनेका प्रतिनिधि जाने र दैनिक भेट्न सक्ने भएकाले पनि यसप्रति जनताको अपनत्व बढ्नुपर्ने हो । तर परिणाम उल्टो देखिनु सुःखद छैन । यसमा यसअघिका स्थानीय सरकारका प्रतिनिधिका व्यबहार कति जिम्मेवार छन ?

यदि जनताको मतदानमा भाग नै नलिने जनअभिमतको आशय व्यवस्थाप्रतिकै वितृष्णा हो भने त्यो भयानक हुनेछ । शासकप्रतिको असन्तुष्टि हो भने राजनीतिक दलहरू सजग हुनै पर्छ कि अबका दिनमा आफूले देश र जनताप्रति कस्तो व्यवहार गर्ने ? राजनीतिक दलहरूले कस्ता उम्मेदवार उठाउने ? जनताका समस्या, पीर, मर्का र अभाव अनि आवश्यकतालाई कसरी सम्बोधन गर्ने र उनीहरूलाई लोकतन्त्रको सुन्दर व्यवस्था आवधिक निर्वाचन वा अन्य निर्वाचनहरूमा उत्साहपूर्ण सहभागिता जनाउने ? आइतबारको उपनिर्वाचनपछि आमजनमा रहेको वितृष्णाको कारण खोज्न सबै राजनीतिक दल, तिनका नेतृत्व र सरकोकारवालाहरू लाग्नुपर्ने छ । अन्यथा, आगामी दिनमा यसले चर्को असन्तुष्टिको रूप नलेला भन्न सकिँदैन ।

# मानव विकास, ज्ञान–विज्ञान र दर्शन

अग्रलेख



● सरस्वती महरा


> *घमाइलो घामको न्यानो, उष्ण र शुभ्र स्पर्शलाई सबैभन्दा पहिला अनुभूत गर्ने, बिहानीको रिमरिमे उषा किरणमा रमाउने, आकाशबाट पानी खस्दा आकाश, अन्तरिक्ष र पानीको मूल खोज्ने पहिलो दार्शनिक आदिम जंगली मानव नै थिए*

भनिन्छ, वैज्ञानिक युगको सुरुवात कहिलेदेखि भयो भन्न सकिन्नँ । तथापि, इतिहासमा पहिलो वैज्ञानिक भनेर थेल्सको नाम उल्लेख भएको पाइन्छ । थेल्स प्राचीन ग्रिकको समृद्ध शहर मिलेटस्मा २५ सय वर्षअघि जन्मिएका थिए । थेल्सको योगदानलाई वैज्ञानिक र दार्शनिक रूपमा मान्ने गरिन्छ ।

सम्भवतः उनी नै पहिलो दार्शनिक पनि थिए । थेल्स व्यापारी थिए तर उनी राजनीतिज्ञ, गणितज्ञ र ज्योतिर्विद् पनि थिए । थेल्सबारे भन्ने गरिन्छ, प्राचीन ग्रिसको कुनै एक ठाउँमा सूर्य ग्रहण हुनुभन्दा अघि नै त्यसको मिति र समय उनले गणना गरिसकेका थिए रे ! स्थानीय मानिसहरूलाई सूर्य ग्रहणदेखि भयभीत नहुन र ग्रहणपछि फेरि पहिलेकै अवस्थामा सूर्य देखिने छ भन्ने कुरामा पनि उनले आश्वस्त गराएका थिए रे ! नभन्दै उनको कुरा सही साबित भएको भनिन्छ ।

थेल्स ईश्वरबिनाको विश्वको अवधारणालाई मान्थे । उनी पृथ्वीमा भएका सबै चिजहरू पानीद्वारा बनेका हुन् भन्ने कुरामा विश्वास गर्थे । उनी आफूले अवलोकन र निरीक्षण गरेर पत्तो लगाइएका चिजहरूको मात्र कुरा गर्थे । यसरी जीवन, जगत् र प्रकृतिलाई हेर्ने, बुझ्ने कुरामा थेल्स भौतिकवादी थिए भन्ने बुझिन्छ ।

थेल्सको करिब २०० वर्षपछि ग्रिक एथेन्समै सुकरात जन्मेका थिए । ग्रिसमा एक महान शिक्षकका रूपमा स्थापित सुकरात कुनै स्कुल, महाविद्यालय र विश्वविद्यालयका



शिक्षक वा प्राध्यापक भने थिएनन् । तथापि, उनले पश्चिममा जगत्को बौद्धिक जीवन एवं वैचारिक क्षेत्रमा हलचल मच्चाइदिए ।

भनिन्छ, सुकरात खालि खुट्टै हिँड्थे रे ! बाटा, गल्ली, चोक र सडकहरूमा भेटेजति मानिसहरूसित दर्शन र ज्ञानका कुराहरू गरी हिँड्थे रे ! सत्यको खोजी गर्ने र सत्यसित साक्षात्कार गर्ने र गराउने कुरालाई सुकरात जीवनको आनन्द ठान्थे ।

विद्वान्हरू सुकरातलाई घुमन्ते दार्शनिक भन्न रुचाउँछन् । प्लेटोले आफू सुकरातको शिष्य भएको र विशेष 'सुकरातको युगमा आफू जन्मिएकामा आफ्नो जीवनको सर्वाधिक सुख र गौरवपूर्ण विषय' भएको (सुकरातः अब बायोग्राफी, पुण्यप्रसाद प्रसाईं, पृष्ठ : १८) उल्लेख गरेका छन् ।

सुकरात एथेन्सका महान दार्शनिक एनेक्सागोरसका शिष्य थिए । एनेक्सागोरस नास्तिक थिए । ग्रिक दर्शनको इतिहासमा एनेक्सागोरसको भूमिका वस्तुको गतिसम्बन्धी अवधारणालाई लिएर महत्त्वपूर्ण मान्ने गरिएको छ । एनेक्सागोरस संसारको मूल के हो भन्ने कुरा खोज्थे । प्लेटोका शिष्य प्रतिभाशाली अरस्तु एनेक्सागोरसको बौद्धिकताबाट असाध्यै प्रभावित थिए । अरस्तु सुकरातको चरित्र र व्यक्तित्वलाई आदर्श रूप मान्छन् । सुकरात जीवनको निरीक्षण र परीक्षण गरिनुपर्ने कुरामा जोड दिन्छन् । उनी जुन जीवन समीक्षाको कसीमा खरो उत्रन सक्दैन, त्यो जीवन जिउनयोग्य छैन भन्छन् । तथापि, प्रसव कष्टकर भएजस्तै सत्यसित साक्षात्कार गर्ने विषय पनि निकै कष्टकर हुने भन्छन् ।

जीवनको मूल सार अनि मर्म उनी आफूलाई चिन्ने कुरालाई मान्छन् । उनी भन्छन्, 'मैले आफ्नो सारा जीवनमा आफूलाई चिन्ने प्रयत्न गरेँ ।' (ऐजन, पृष्ठ : २७) । सुकरात मानव जीवन र मानव जीवनको मूल्य-सार्थकता र औचित्यमा नै दर्शन, ज्ञान र सत्यको औचित्य निहीत छ भन्ने कुरा मान्थे । आफूभन्दा अघिका प्रकृतिलाई जीवनको मूल ठान्ने प्रकृतिवादी दार्शनिक एवं भौतिक तत्त्व र प्रकृतिलाई नै मूल मान्ने आफ्ना गुरु एनेक्सागोरसभन्दा छुट्टै सुकरात, 'मानवता'लाई जीवनको मूल ठान्ने मानवतावादी दार्शनिक थिए ।

उनको दर्शनका मूल सार र आदर्श, मानवता र सत्यमा निहीत थिए । उनी त्यसैमा नै सौन्दर्य देख्थे । त्यही आदर्शका लागि सुकरातले निरंकुश सत्ताको विरुद्ध संघर्षमा स्वेच्छाले नै आफ्नो जीवनको आहुति दिए ।

सुकरातको मानव जीवनभित्रबाट सत्य, ज्ञान एवं दर्शनको साक्षात्कार गर्ने र उद्घाटन गर्ने अन्तरसंवाद वार्तालापीय, वाद-विवाद-संवादको पद्धति द्वन्द्वात्मक रहेको बुझिन्छ । मार्क्सवादी दर्शनको कुरा गर्दा हेगेलको द्वन्द्ववादी पद्धतिभन्दा अघि जानुपरे अरस्तु र सुकरातसम्म पुग्नुपर्ने छ । त्यस्तै, साहित्य, कलाको क्षेत्रमा होमरका कविताहरू र विशेष 'इलियड' (महाकाव्य)मा बर्बर युगको उन्नत अवस्थाले आफ्नो विकासको चरम शिखरमा पुगेको र उक्त बर्बर अवस्थामा उत्पादनको के, कसरी विकास भएको थियो भन्ने कुरालाई बुझ्न होमरका काव्यहरू महत्त्वपूर्ण ऐतिहासिक साक्ष्य/प्रमाणको रूपमा रहेका एंगेल्सले भनेका छन् ।

| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

A.S. International Group Pvt. ltd. Gov. Lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381. Email: asintldemand@gmail.com. Mobile: 9801082460, 9801082461,9801082462.

## लालबन्दी साहित्य महोत्सव
# ४ कृतिको लोकार्पण




**सर्लाही/मस–** लालबन्दी नगर वाङ्मय परिषद्को आयोजनामा सर्लाहीमा 'लालबन्दी साहित्य महोत्सव-२०८१' शुरु भएको छ । महोत्सवको नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले करुवाको पानीले बिरुवालाई सिञ्चन गर्दै महोत्सवको समुद्घाटन गरेका थिए। महोत्सवलाई सम्बोधन गर्दै प्रमुख अतिथि राईले अहिले देशभर खुलेका प्रतिष्ठानहरू जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त भएको गणतन्त्रात्मक व्यवस्थाको परिणाम भएको बताए। उनले प्रज्ञा-प्रतिष्ठानको ६७ वर्षे इतिहासमा केही भएन भन्ने गुनासाहरूलाई चिर्न आफैँले विद्यार्थीसँग कुलपति कार्यक्रमलाई अघि सारेको बताए।

उनले स्थानीय तहमा गठन भएका प्रतिष्ठानहरूलाई केन्द्रसँग जोड्नुपर्ने आवश्यकता रहेको बताउँदै स्थानीय स्तरका अध्येयताहरूलाई अघि सारेर भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धनमा लाग्न आग्रह गरे । उनले स्थानीय तथा प्रदेशस्तरमा गठन भएका विभिन्न प्रतिष्ठानलाई केन्द्रीय प्रतिष्ठानसँग जोड्न आवश्यक रहेको र त्यसको लागि कार्य अघि बढाइएको बताए ।

तिनलाई जोड्न निकै चूनौतीपूर्ण रहेको कुरा कुलपति राईले उल्लेख गरेका थिए। महोत्सवमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति राई, लालबन्दी नगरपालिकाका नगरप्रमुख एवम् लालबन्दी नगर वाङ्मय परिषद्का प्रमुख संरक्षक बासुदेव अधिकारी र लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्त न्यौपानेले संयुक्त रूपमा रचना द्वैमासिक साहित्यिक पत्रिकाका प्रधान सम्पादक, नेपाल साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष तथा प्रेस काउन्सिल नेपालका पूर्व बोर्ड सदस्य रोचक घिमिरे र अन्नपूर्ण पोस्ट दैनिकका प्रधान सम्पादक तथा उपन्यासकार अखण्ड भण्डारीलाई पुरस्कार तथा पत्रकार शंकर श्रेष्ठलाई सम्मान समर्पण गरिएको थियो। वाङ्मय परिषद्ले घिमिरेलाई ५० हजार राशिको कृष्णलाल स्मृति पुरस्कार र भण्डारीलाई 'बोरा' उपन्यासका लागि नगद ५० हजार राशिको भाषा साहित्य पुरस्कार तथा श्रेष्ठलाई २५ हजार राशिको स्थानीय प्रतिभा सम्मान -२०८१ समर्पण गरिएको थियो। पुरस्कृत प्रतिभा घिमिरेले कृष्णलाल अधिकारीको योगदान र अखण्ड भण्डारीले 'बोरा' उपन्यास लेखन, परिवेश र पात्रबारे धारणा राखेका थिए।

महोत्सवका विशिष्ट अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले आफ्नो शुभकामना मन्तव्यमा लालबन्दी वाङ्मय परिषद् गठन भएयता महत्वपूर्ण प्राज्ञिककर्म र गतिविधि गर्दै प्रथम साहित्यिक शहीद कृष्णलाल अधिकारीको नाममा पुरस्कार स्थापना गर्नु भनेको यस परिषद्ले महत्वपूर्ण कार्य गरेको बताए।

धमलाले आफ्नो धारणा राख्ने क्रममा साहित्यिक शहीद कृष्णलाल अधिकारी स्मृति पुरस्कारबाट पुरस्कृत वरिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरे र उक्त वाङ्मय पुरस्कारबाट पुरस्कृत 'बोरा' उपन्यास र तिनका सर्जक पत्रकार एवम् उपन्यासकार अखण्ड भण्डारी र वाचित रचना बारे लघुत्तम टिप्पणी गरेका थिए।

अर्का विशिष्ट अतिथि बर्दघाट प्रज्ञा-प्रतिष्ठानका कुलपति प्रा.डा.घनश्याम न्यौपाने परिश्रमीले गजल वाचन गर्दै लालबन्दी वाङ्मय परिषद्का प्राज्ञिक कामलाई आफूले आत्मसात् गर्दै अनुशरण गर्ने बताए।

उक्त महोत्सवका सभाध्यक्ष, नगर वाङ्मय परिषद्का प्रमुख संरक्षक, लालबन्दी नगरपालिकाका नगरप्रमुख बासुदेव अधिकारीले स्थानीय भाषा, साहित्य, संस्कृति र कलालाई केन्द्रसँग जोड्न नगर वाङ्मयले अहम भूमिका खेलेको बताए। उनले स्थानीय वाङ्मयसँग जोडिएका यहाँका साहित्यकारहरूले लालबन्दीलाई संघीय केन्द्रसँग मात्रै नभइ देश विदेशमा समेत परिचित गराउन भूमिका खेलेको बताए।

उक्त महोत्सवमा सुमन घिमिरे अग्रिमको कवितासंग्रह 'प्यालासँग कविता' र जीवनीसंग्रह 'समाजसेवामा अधिकारी', विवश पौडेलको गजल संग्रह 'धर्तीको जून',देवराज पौडेलको कथासंग्रह'मानवता हराएका सहरहरू'को लोकार्पण गरिएको थियो । लालबन्दी साहित्य महोत्सवका अतिथिहरू रोचक घिमिरे भूपिन खड्का, निमेष निखिल, प्रतीक घिमिर, सुरेश सुवेदी, निरन्जना चन्द,भाष्कर कार्की, रमेश भट्टराई सहृदयी, पूर्णकला घिमिरे, यस लामा, गजलकार सुमित्रा आचार्य,कुमार दाहाल कुसुम र केशव समर्पण लगायतले कविता तथा गजल वाचन गरेका थिए । उक्त महोत्सवमा विभिन्न सांस्कृतिक झाँकीहरू समेत प्रदर्शन गरिएको थियो । लालबन्दी वाङ्मय परिषद्का अध्यक्ष अच्युत अधिकारीले लालबन्दी साहित्य महोत्सव-२०८१,यसको गठन,उद्देश्य,प्रवर्द्धित पुरस्कार,सम्मान र प्राज्ञिक कार्यबारे जानकारी दिएका थिए।

स्वागत मन्तव्य लालबन्दी नगर वाङ्मय परिषद्का कोषाध्यक्ष विवश पौडेल र उद्घोषण कम्युनिटी वेयलफियर एकेडेमी स्कुलका संस्थापक प्रिन्सिपल सुदीप कार्कीले गरेका थिए।

# पर्यटन मन्त्रालयअन्तर्गतको छपाइ प्रज्ञा छापाखाना हुने

**काठमाडौं/मस–**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतका सबै निकायको छपाइसम्बन्धी काम अब प्रज्ञा छापाखानाबाट हुने भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा आइतबार बसेको बैठकले मन्त्रालयअन्तर्गतका निकाय तथा मन्त्रालयसम्बद्ध निकायहरूबाट गरिने छपाइसम्बन्धी कार्यहरू नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा छापाखानाको अधिकतम क्षमताले भ्याएसम्म सोही छापाखानाबाट मात्र छपाइ गर्ने निर्णय गरेको हो ।



बैठकले प्रज्ञा छापाखानाको क्षमताअनुरूप गर्न सकिने छपाइका कार्यहरूको विवरण सहितको जानकारी र प्रतिष्ठानको छपाइसम्बन्धी कार्यविधि उल्लिखित सबै निकायहरूलाई प्रतिष्ठानले लेखी पठाउने निर्णय गरेको छ । हाल कुल क्षमताको १५ प्रतिशत चलिरहेको छापाखाना मन्त्रालयको यस निर्णयसँगै अब पूर्ण क्षमतामा सञ्चालन हुने विश्वास गरिएको छ । यो निर्णयपछि वार्षिक रूपमा १२ करोड रुपियाँ बढीको छपाइ प्रज्ञा छापाखानाबाटै हुने र राज्यको ३ देखि ४ करोड जोगिने मन्त्रालयको दाबी छ ।

केही समय पहिले मन्त्री पाण्डेले प्रज्ञा प्रतिष्ठानको भ्रमणका क्रममा त्यहाँको छापाखानालाई पूर्ण सञ्चालनमा ल्याई प्रतिष्ठानको आय बढाउनेबारे प्राज्ञहरूसँग परामर्श गरेका थिए ।


## Ramechhap Municipality
## Office of the Municipal Executive
**Ramechhap Bazar, Ramechhap**

### Invitation for Bids

**Date of First Publication: 2081/08/17**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding-Single Stage single Envelope Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (Without VAT and Contingencies) in NRs | Minimum Bid Security Amount in NRs/ Validity Period | Cost for bid documents in NRs |
|---|---|---|---|---|
| RM/01/ 081/082 | Phalatekhola Deurali Hulakchaur lift Drinking Water Supply Project, Ramechhap Municipality-2 | 1,36,97,220.58 | 3,45,000 Nrs. 120 days | NRs. 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16
3. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below. Name of the Bank: Rastiya Banijya Bank, Office Account no: 1020100301010002(For Bid Document) Office Account no: 1020100303000002 (For Bid Security deposit).
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 1:00 noon on 2081-09-17 along with copy of voucher of bid security deposit. Bids received after this deadline will be rejected. And the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2081-09-17 at the office.

**Chief Administrative Officer**


# मन्दिरको भेटीले अर्घाखाँची
# २ विद्यालय संचालन



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची,१६ मंसिर

सन्धिखर्क नगरपालिका वडा नम्बर ७ खाँचीकोटमा रहेको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको सुपा देउराली मन्दिर हिन्दुहरुको आस्थाको केन्द्र मानिन्छ । जहाँ विभिन्न ठाउँबाट दर्शन गर्न आउने श्रद्धालु दर्शनार्थीहरुको घुइँचो लाग्ने गर्दछ। सुपा देउराली मन्दिर समुद्र सतहदेखि करिब ४ हजार ५ सय ५ फिटको उचाइमा रहेको छ । बाइसे चौबिसे राजाहरुको पालामा निर्माण भएको सुपादेउराली मन्दिरमा २०४० सालदेखि नियमित पूजा पाठ गर्न थालिएको उल्लेख छ।

अर्घाखाँची, गुल्मी र प्युठानका पायक पर्ने गाउँबाट कपिलवस्तुको पथरकोटमा नुन बोक्ने ढाक्रे आवत-जावत गर्दा सुपा देउरालीमै बास बस्ने गरेको स्थानीय पाका पुस्ताहरु बताउँछन् । पहाडको भिर भएको ठाउँमा देउता भेटिएपछि २०४० सालदेखि त्यही ठाउँलाई पूजा गर्न थालिएको थियो । नर्तनाञ्चल पहाडको बीचबाट सदरमुकाम जोड्न पूर्वपश्चिम राजमार्गको गोरुसिंगे-सन्धिखर्क सडक निर्माण भएपछि पूजा गर्ने ठाउँलाई तलबाटमाथि बाटोको छेउमा सारी सुविधा सम्पन्न मन्दिर बनाइ अहिले पूजा गर्ने गरिएको छ। खाँचीकोट र नरपानीका स्थानीयबासीले कच्ची मन्दिर बनाए र पूजा शुरु गरेका थिए । सुपादेउरालीमा जे माग्यो त्यही पूरा हुने धार्मिक विश्वास रहँदै आएपछि अहिले देश विदेशबाट यस मन्दिरमा भाकल गर्न दर्शन गर्न आउने भक्तजनको भिड छ । २०६४ सालमा बाबा गुरुको नामबाट चिनिने अर्घाखाँचीको मालारानी ५ गुरासे निवासी बाबा नरनारायणले करिब ३ करोडको लगानीमा आधुनिक मन्दिर बनाएपछि भक्तजनको आर्कषण थपिएपछि अहिले आम्दानीको स्रोत पनि बढेको छ । यो मन्दिर निर्माण गर्दा प्राचीन निर्माण सामग्री प्रयोग गरिएको मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष प्रितम बहादुर थापाले बताए ।

भाकल गर्नेले इच्छा पूरा भएको भन्दै बोका, पाठी, परेवा र भेटी चढाउने गर्छन् । आजभोली यस क्षेत्रलाई बुटवल, पाल्पा, दाङ, सल्यान, प्यूठान, भैरहवा, कपिलवस्तु, नवलपरासी, रुकुम, स्याङ्जा, कास्की, वागलुङ लगायत देशका विभिन्न ठाउँ र छिमेकी देश र जिल्लाहरुबाट विद्यार्थीहरु शैक्षिक भ्रमणको रुपमा आउने गरेका छन् ।

रुपन्देही, कपिलवस्तु, दाङ, नेपालगन्ज, प्युठान, गुल्मी पाल्पा, रोल्पा, रुकुम, बागलुङ, स्याङ्जा, कास्की लगायतका छिमेकी जिल्ला र भारतका लुम्बिनी दर्शन गर्न पुगेका केही धार्मिक पर्यटक यहाँसम्म दर्शन गर्न आउने गरेका छन् । सरकारले घोषणा गरेका १ सय उत्कृष्ट गन्तव्य सूचीमा सुपा देउराली मन्दिर वर्षौंदेखि पढ्दै आएपनि सरकारको लगानी यस मन्दिरमा शुन्यमा छ ।

**मन्दिरको भेटिले विद्यालय सञ्चालन**

अर्घाखाँचीको सुपादेउराली मन्दिरमा संकलन भएको भेटीबाट अर्घाखाँची जिल्लाका दुई विद्यालयमा पढाउने शिक्षकहरुको तलब धानेको छ । मनको इच्छा पूरा हुने विश्वासले मन्दिरको दर्शन गर्न आउने भक्तजनले पूजा गरेपछि भेटी चढाउँछन् । त्यही भेटीबाट विगत ३२ वर्षदेखि सन्धिखर्क नगरपालिका वडा नम्बर ७ खाचिकोटमा रहेको आर्दश माध्यामिक विद्यालय र शितगंगा नगरपालिका वडा नम्बर २, सितापुरमा रहेको शान्ति आधार भूत विद्यालयका गरी १० जना शिक्षकले निजि श्रोतबाट तलब खाइ रहेका छन्। आर्दश माध्यमिक विद्यालयका ६ जना शिक्षकका लागि एक लाख भन्दामाथि र शान्ति आविका ४ जना शिक्षकको लागि ७० हजार रुपैयाँ मासिक भेटीबाट संकलित रकम उपलब्ध गराउँदै आएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष फर्स बहादुर थापाले जानकारी दिए ।

'वार्षिक ७० देखि ८० लाख रुपैयाँ भेटी जम्मा हुन्छ', समिति अध्यक्ष केसीले भने,'प्रचार-प्रसार भएपछि भक्तजन वर्षेनी बढिरहेका छन् । भेटीको पैसा पनि बढेकाले सजिलो भएको छ ।' केही सुन गरगहना समेत थपिएका छन् ।

कुनै कुनै महिनामा १२ लाखसम्म भेटी उठ्ने गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष केसीले बताए । उनका अनुसार प्रायः शनिबार भीडभाड हुने मन्दिरमा वैशाख, जेठ, असोज, कात्तिक र मंसिर महिनामा भक्तजनको घुँइचो हुन्छ । वि.सं.२०५१ सालदेखिनै मन्दिरले विद्यालयलाई सहयोग रकम उपलब्ध गराउँदै आएको छ। आर्दश माविका प्रध्यानापक डिल्ली थापाले मन्दिरबाट पैसा आएपछि स्कुल सञ्चालन गर्न धेरै सहज भएको बताए ।


### Invitation for Bids

**Government of Nepal**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Kathmandu**
**Road Division, Bhaktapur**
**(Notice No: DROBKT/08/081/082)**
**Date of Publication: 2081/08/17 (2 December, 2024)**

1. **Road Division Bhaktapur** invites National Competitive Bidding for the following Works from all eligible bidders.

| IFB NO. | Contract Identification | Description Of Works | Estimated Amount (Without VAT) | Bid Security Amount (Rs) | Bid document fee | Remarks |
|---|---|---|---|---|---|---|
| DROBKT/08/ 081/082/42 | DROBKT/337310113 /081/082/42 | Traffic safety works along Manoharapul -sallaghari – suryabinayak - sanga section of Arniko highway (NH34) | 1629690.60 | 42000/- | 1000/- | Bpening Date2081/09/02 13:00 hrs |
| DROBKT/08/ 081/082/43 | DROBKT/337310113 /081/082/43 | Recurrent maintenance works at chyamasing -Amaldol – Nala- Banepa (F097) Road | 1690287.06 | 42000/- | 1000/ | |
| DROBKT/08/ 081/082/44 | DROBKT/337310113 /081/082/44 | Recurrent maintenance works at Jagati -chyamasing -Kamalbinayak & Kamalbinayak-sudal – Adhikari Gaun-Nagarkot Road | 1709024.30 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/45 | DROBKT/337310113 /081/082/45 | Recurrent maintenance works at Gathaghar Thimi, Sinamangal Manohara Thimi Sallaghari , Thimi Bode Karki Gaun & Sallaghari – duwakot – Changunarayan – phedigaun Road | 1707001.64 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/46 | DROBKT/337011364 /081/082/46 | Road Traffic Saftey on Sallaghari durbar square road & Sallaghari Byasi Changunarayan road | 1707727.08 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/47 | DROBKT/337011204 /081/082/47 | Structure works at Jitpur Charali- Kalamasi -Nagarkot Road. | 1700841.86 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/48 | DROBKT/337310113 /081/082/48 | Recurrent maintenance works at Kausaltar – balkot -Sirutar – biruwa (F091), trolly bus (ARM) Suryabinayak – Chamelidanda Road (F099) and Srijana chowk (ARM) DRO Katunje Road. | 1709299.86 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/49 | DROBKT/337011204 /081/082/49 | Structural works in Ghatekhola Corridor | 1700716.71 | 43000/- | 1000/- | |
| DROBKT/08/ 081/082/50 | DROBKT/337011204 /081/082/50 | Structural works in sanga Suryamod Kakrabari Road. | 1273428.06 | 32000/- | 1000/- | |
| DROBKT/08/ 081/082/51 | DROBKT/337011364 /081/082/51 | Road Traffic safety works at NH15. | 1708645.38 | 43000/- | 1000/- | |

2. Bidders may obtain further information at the office Name: Road Division Bhaktapur mailing address:droadbhaktapur@gmail.com Telephone: 01-6612074 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Division Chief**

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालय:** काठमाण्डौं-२, लाजिम्पाट
**फोन :** ०१-४५४५४२४/२५/२६,
**वेभसाइट:** www.garimabank.com.np

# धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/१७ गते**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **१. क) ऋणीको नामः सगरमाथा मल्टीप्रपोज कम्पनी प्रा.लि.**<br>कम्पनीको ठेगाना : काठमाण्डौ म.न.पा.- १०, काठमाण्डौ<br>कम्पनी दर्ता नं. : २२६४३६/०७६/०७७<br>कम्पनी दर्ता मिति : २०७६/०६/१५<br>कम्पनीको पान नं. : ६०९६४१९३४<br>कम्पनी दर्ता निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ<br>**अख्तियार प्राप्त व्यक्ति : एक नारायण भट्टराई**<br>**कर्जा शीर्षक : रियल स्टेट अधिविकर्ष कर्जा**<br>**ख) ऋणी/धन जामानीकर्ताको नामः एक नारायण भट्टराई**<br>बावुको नाम : विष्णु प्रसाद भट्टराई<br>बाजेको नाम : दामोदर भट्टराई<br>स्थायी ठेगानाः तुल्सीभञ्याङ गा.वि.स.-८, स्याङजा<br>हालको ठेगाना : बुटवल उ.म.न.पा.- ११, रुपन्देही<br>ना.प्र.नं. : ३०९८<br>जारी मिति : २०४४/११/२१<br>जारी जिल्ला : स्याङ्जा<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा र व्यक्तिगत अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : बुटवल, रुपन्देही** | **क) नाम : ओम बहादुर गुरुङ्ग**<br>बावुको नाम : नन्दबहादुर गुरुङ्ग<br>बाजेको नाम : शुकलाल गुरुङ्ग<br>स्थायी ठेगाना : दिव्रुङ्ग गा.वि.स.- ३, गुल्मी<br>हालको ठेगाना : पोखरा म.न.पा.- १६, कास्की<br>ना.प्र.नं. : २०८६४<br>जारी मिति :२०५८/०५/२५<br>जारी जिल्ला : गुल्मी<br>**ख) नामः सुविन चौधरी**<br>बावुको नाम : श्री नारायण चौधरी<br>बाजेको नाम : श्री किसुन चौधरी<br>स्थायी ठेगाना : लहान न.पा. -१, सिरहा<br>हालको ठेगाना : लहान न.पा. -१, सिराहा<br>ना.प्र.नं.: १५१००५/६५<br>जारी मिति :२०६५/०५/०३,<br>जारी जिल्लाः सिराहा<br>**ग) नामः जष्टिश चौधरी**<br>बावुको नाम : महादेव चौधरी थारु<br>बाजेको नाम : रङ्गीलाल चौधरी<br>स्थायी ठेगाना : सिसवनी गा.वि.स.-७, सिरहा<br>हालको ठेगाना : लहान न.पा. -२२, सिराहा<br>ना.प्र.नं.: ५७०, जारी मितिः२०६२/०४/१६<br>जारी जिल्ला : सिराहा | **घ) नामः मसन्ती गुरुङ**<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>ससुराको नाम : नन्दबहादुर गुरुङ<br>स्थायी ठेगाना : पोखरा उ.म.न.पा.- १६, कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा.- १६, कास्की<br>ना.प्र.नं. : ४६-०१-७३-०२६४७<br>जारी मितिः २०७३/०३/०१<br>जारी जिल्लाः कास्की<br>**ङ) नामः राधिका भट्टराई**<br>पतिको नाम : एक नारायण भट्टराई<br>ससुराको नाम : विष्णु प्रसाद भट्टराई<br>स्थायी ठेगाना : बुटवलन न.पा.- १३, रुपन्देही<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.- ११, रुपन्देही<br>ना.प्र.नं. : ४९९७, जारी मिति : २०५९/१०/१७<br>जारी जिल्ला : रुपन्देही<br>***नोटः ऋणी सगरमाथा मल्टीप्रपोज कम्पनी प्रा.लि.को रियल स्टेट अधिविकर्ष कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु एक नारायण भट्टराई, ओम बहादुर गुरुङ, सुविन चौधरी, जष्टिश चौधरी र मसन्ती गुरुङ रहेको र ऋणी एक नारायण भट्टराईको व्यक्तिगत आवधिक कर्जा र व्यक्तिगत अधिविकर्ष कर्जामा व्यक्तिगत धन जमानीकर्ता राधिका भट्टराई रहेको ।*** |

**सुरक्षण धितोको विवरणः**
१. मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा सगरमाथा मल्टीप्रपोज कम्पनी प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स./न.पा. स्थित वडा नं. ७ र नक्सा सिट नं. ७क स्थित को कित्ता नं. १९४०, १९१४ र ४६३ क्षे.फ. ०-१६-९-०, ०-०-१२-० र ०-०-११-० भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा सगरमाथा मल्टीप्रपोज कम्पनी प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स./न.पा. स्थित वडा नं. ७ र नक्सा सिट नं. ७क स्थित को कित्ता नं. १९३८ क्षे.फ. ०-३-४-० भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मालपोत कार्यालय, बुटवल रुपन्देहीमा एक नारायण भट्टराईको नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स./न.पा. स्थित वडा नं. ७ र नक्सा सिट नं. ७ख स्थित को कित्ता नं. ११८५, ११८६ र ११८९ क्षे.फ. १८२.०२ व.मि., २५८.२१ व.मि. र ३०४.७८ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | | |
|---|---|---|
| **२. क) ऋणीको नाम : सोल्टिना रेष्टुरेन्ट**<br>ठेगाना : बाग्लुङ न.पा.-३, बाग्लुङ<br>दर्ता नं. : ३/१४२, दर्ता मिति : २०७७/०८/१५<br>पान नं. : १०६२१७८७६<br>दर्ता निकायः बाग्लुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>**प्रोप्राईटर : देवेन्द्र वहादुर खड्का**<br>**कर्जा शीर्षक : साना तथा मझौला आवधिक कर्जा र पुनसंरचना कर्जा**<br>**शाखा कार्यालय : वाग्लुङ** | **ख) ऋणीको नाम : पुतली खडका**<br>पतिको नाम : देवेन्द्र वहादुर खड्का<br>ससुराको नाम : टिका वहादुर खड्का<br>स्थायी ठेगाना : कालिका गा.वि.स.-३, बाग्लुङ<br>हालको ठेगाना : बाग्लुङ न.पा.-३, बाग्लुङ<br>ना.प्र.नं.: ७७६, जारी मितिः २०४५/०२/२५<br>जारी जिल्ला : बाग्लुङ<br>**कर्जा शीर्षक : व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : बाग्लुङ** | **ग) ऋणीको नाम : देवेन्द्र वहादुर खड्का**<br>बावुको नाम : टिका वहादुर खड्का<br>बाजेको नाम : भैर वहादुर खड्का<br>स्थायी ठेगाना : बा.न.पा.-३, बाग्लुङ<br>हालको ठेगाना : बाग्लुङ न.पा.-३, बाग्लुङ<br>ना.प्र.नं. : ९७७३/९२५<br>जारी मिति : २०४५/०२/२०,<br>जारी जिल्ला : बाग्लुङ<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : बाग्लुङ** |
| **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** | | |
| **क) नामः देवेन्द्र वहादुर खड्का**<br>बावुको नाम : टिका वहादुर खड्का<br>बाजेको नाम : भैर वहादुर खड्का<br>स्थायी ठेगाना : वा.न.पा.-३, बाग्लुङ<br>हालको ठेगाना : वाग्लुङ न.पा.-३, बाग्लुङ<br>ना.प्र.नं. : ९७७३/९२५<br>जारी मितिः २०४५/०२/२०, जारी जिल्लाः बाग्लुङ | **ख) नामः पुतली खडका**<br>पतिको नाम : देवेन्द्र वहादुर खड्का<br>ससुराको नाम : टिका वहादुर खड्का<br>स्थायी ठेगाना : कालिका गा.वि.स.-३, बाग्लुङ<br>हालको ठेगाना : बाग्लुङ न.पा.-३, बाग्लुङ<br>ना.प्र.नं. : ७७६, जारी मितिः २०४५/०२/२५<br>जारी जिल्लाः बाग्लुङ | **ग) नामः राजेश श्रेष्ठ**<br>बावुको नाम : नारायण प्रसाद श्रेष्ठ<br>बाजेको नाम : पहलमान श्रेष्ठ<br>स्थायी ठेगाना : बाग्लुङ न.पा.-२, बाग्लुङ<br>हालको ठेगाना : बाग्लुङ न.पा.-२, बाग्लुङ<br>ना.प्र.नं. : ७०७७, जारी मिति : २०६१/०३/०१<br>जारी जिल्ला : बाग्लुङ |

*नोटः ऋणी सोल्टीना रेष्टुरेन्टको साना तथा मझौला आवधिक कर्जामा धन जमानीकर्ताहरु देवेन्द्र वहादुर खड्का, पुतली खडका, राजेश श्रेष्ठ रहेको साथै र पुनसंरचना कर्जामा धन जमानीकर्ताहरु देवेन्द्र वहादुर खड्का, पुतली खडका रहेको, ऋणी पुतली खडकाको व्यक्तिगत लघुउद्यम कर्जामा देवेन्द्र वहादुर खड्का, राजेश श्रेष्ठ रहेको र ऋणी देवेन्द्र वहादुर खड्काको व्यक्तिगत आवधिक कर्जामा धन जमानीकर्ताहरु पुतली खडका, राजेश श्रेष्ठ रहेको।*

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय वागलुङमा देवेन्द्र वहादुर खड्का को नाममा दर्ता श्रेस्ता कायम रहेको कालिका गा.वि.स. स्थित वडा नं. ३ को कित्ता नं.२८४८ क्षे.फ ०-३-२-० रोपनि भएको जग्गासो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **३. ऋणीको नामः इन्द्र बहादुर श्रेष्ठ**<br>बावुको नामः डिल बहादुर श्रेष्ठ<br>बाजेको नामः भक्त बहादुर श्रेष्ठ<br>ठेगानाः दहथुम गा.वि.स ०९, स्याङ्जा<br>हालः टोखा-९, काठमाण्डौं<br>ना.प्र.नं.: ८४,<br>जारी मितिः २०४६/१०/१०<br>जारी जिल्लाः स्याङ्जा<br>**कर्जा शीर्षकः हायर पर्चेज कर्जा/कोभिड प्रभावित कर्जा/थप चालुपुँजी कर्जा**<br>**शाखा कार्यालयः गोंगबु, काठमाण्डौं** | **क) नाम : निरज थापा**<br>बावुको नामः सम्सेर थापा<br>बाजेको नामः सुक बहादुर थापा<br>ठेगानाः कुन्छा-०९, लमजुङ<br>हालः का.म.न.पा.-१०, गोंगबु, काठमाण्डौं<br>ना.प्र.नं.: ४५३०३३/१९२<br>जारी मितिः २०६३/११/०९<br>जारी जिल्लाः लमजुङ<br>**ख) नामः जयन्ती श्रेष्ठ**<br>पतिको नामः इन्द्र बहादुर श्रेष्ठ<br>ससुराको नामः डिल बहादुर श्रेष्ठ<br>ठेगानाः दार्सिङ दहथुम-०९,स्याङजा<br>हालः टोखा न.पा.-१०, गोंगबु, काठमाण्डौं<br>ना.प्र.नं.:६६२४०, जारी मितिः २०५८/१२/१३<br>जारी जिल्लाः स्याङ्जा | क) नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी इन्द्र बहादुर श्रेष्ठ कायम रहेको निम्न सवारी साधनहरु।<br>१. **सवारी दर्ता नः ना.५ ख.** ४९१६, कम्पनीको नामः टाटा मोटर्स भारत<br>माडेलः LPO1512TC/53, बनेको सालः २०१४<br>च्यासिस नः MAT412076EOG04058, इन्जिन नः 41F84169281<br>ख) बागमती यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी इन्द्र बहादुर श्रेष्ठ कायम रहेको निम्न सवारी साधन।<br>१. **सवारी दर्ता नः बा.४ ख. ५३६३**, कम्पनीको नामः टाटा मोटर्स भारत<br>माडेलः LP1512TC/42, बनेको सालः २०१६<br>च्यासिस नः MAT412049G1R18724, इन्जिन नः 61G63534126 |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **४. नाम : हेमराज सुवेदी**<br>बाबुको नाम : टिकाराम सुवेदी<br>बाजेको नाम : पहलमान सुवेदी<br>स्थायी ठेगाना : मानपुर गा.वि.स.५, दाङ<br>हालको ठेगानाः तुल्सीपुर उ.म.न.पा.-६, दाङ<br>ना.प्र.न. : २२२/१०७४,<br>जारी मितिः २०५४/०६/०५, जारी जिल्लाः दाङ<br>**कर्जा शीर्षक : हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय : नारायणघाट, चितवन** | **क) नाम : गेहेन्द्र वली**<br>बाबुको नाम : खड्क बहादुर वली<br>बाजेको नाम : खिमलाल वली<br>स्थायी ठेगाना : उरहरी गा.वि.स.-२, दाङ<br>हालको ठेगानाः तुल्सीपुर उ.म.न.पा.-६, दाङ<br>ना.प्र.न.: १३७३९/१०४४,<br>जारी मितिः २०५१/०१/१५<br>जारी जिल्लाः दाङ | नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी हेमराज सुवेदी कायम रहेको निम्न सवारी साधन।<br>**सवारी दर्ता नं. : ना.६ ख. ९३५**<br>कम्पनिको नाम : TATA Motors India Ltd.<br>मोडेल : LPO 1512 TC/53<br>बनेको साल : २०१५<br>च्यासिस नं. : MAT412076FOGO4976<br>इन्जिन नं. : 51F84232480 |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **५. नाम : टोपेन्द्र डाँगी**<br>बाबुको नाम : गणेश बहादुर डाँगी<br>बाजेको नाम : पिताम्बर डाँगी<br>ठेगाना : तुलसीपुर न.पा. वडा नं.-१, दाङ<br>ना.प्र.न. : ५६७२, जारी मितिः २०६२/१०/०३<br>जारी जिल्लाः दाङ<br>**कर्जा शीर्षक : हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय : नारायणघाट, चितवन** | **क) नाम : राजिब के.सी.**<br>बाबुको नाम : भोज बहादुर के.सी.<br>बाजेको नाम : लोक बहादुर के.सी.<br>स्थायी ठेगाना : विजौरी-४, दाङ<br>ना.प्र.न. : ५२२०२५/२६१०<br>जारी मितिः २०६८/१०/०५<br>जारी जिल्लाः दाङ | नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी **टोपेन्द्र डाँगी** कायम रहेको निम्न सवारी साधन।<br>**सवारी दर्ता नं.: ना ६ ख ९२८**<br>इन्जिन नं. : 51E84229285<br>च्यासिस नं. : MAT412076FOG04774<br>मोडेल नं. : LPO1512/TC/53, बनेको साल : 2015<br>कम्पनीको नाम : टाटा मोटर्स भारत |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **६. नाम : मेगा इन्टरनेशनल टुर्स एण्ड ट्राभल्स प्रा.लि**<br>दर्ता गर्ने निकायः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं<br>ठेगाना : ललितपुर उ.म.न.पा–४, ललितपुर<br>दर्ता नं : ११९०९५/०७०/०७१, दर्ता मितिः २०७०/१०/१५<br>पान नं : ६०१७९८९८४<br>**अ.प्रा. व्यक्ति/जमानीकर्ताको नाम : कृष्ण प्रसाद काफ्ले**<br>बाबुको नाम : टिका प्रसाद काफ्ले<br>बाजेको नाम : भगिरथ काफ्ले<br>ठेगाना : निजगढ गा.वि.स वडा नं.-३, बारा<br>ना.प्र.नं. : ४०८४/२२३०<br>जारी मितिः २०५४/०४/०३, जारी जिल्लाः बारा<br>**कर्जा शीर्षकः हायर पर्चेज कर्जा, शाखा कार्यालयः कुमारीपाटी, ललितपुर** | **क) नाम : सुमी काफ्ले**<br>पतिको नाम : कृष्ण प्रसाद काफ्ले<br>ससुराको नाम : टिका प्रसाद काफ्ले<br>स्थायी ठेगाना : निजगढ गा.वि.स वडा नं.-३, बारा<br>ना.प्र.नं. : १६१०७<br>जारी मितिः २०६२/०१/१३<br>जारी जिल्लाः बारा | बागमती यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी मेगा इन्टरनेशनल टुर्स एण्ड ट्राभल्स प्रा.लि कायम रहेको निम्न सवारी साधन।<br>**सवारी दर्ता नं. बा १ य १३२१**<br>मोडेल : Sumo Gold Gx<br>बनेको साल : 2015<br>च्यासिस नं. : MAT 446607FEF05504<br>इन्जिन नं. 3.0CR401FUY619526<br>कम्पनीको नाम : टाटा मोटर्स भारत |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **७. ऋणीको नाम : जीवन पौडेल**<br>बाबुको नामः बालकृष्ण पौडेल<br>बाजेको नामः डिल्ली प्रसाद पौडेल<br>स्थायी ठेगानाः डाँगीहाट गा.वि.स वडा नं. ०४, मोरङ<br>हालको ठेगानाः ग्रामथान गा.पा वडा नं. ०७, मोरङ<br>ना.प्र.न.: ५५९६६, जारी मितिः २०५७/११/१८<br>जारी जिल्लाः मोरङ<br>**कर्जा शीर्षक : हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय : नयाँ बानेश्वर** | **क) नाम : सीता पौडेल**<br>पतिको नामः जीवन पौडेल<br>ससुराको नामः बालकृष्ण पौडेल<br>स्थायी ठेगानाः बनिगामा गा.वि.स वडा नं. ०९, मोरङ<br>हालको ठेगानाः ग्रामथान गा.पा वडा नं. ०७, मोरङ<br>ना.प्र.न.: ०५-१६-७०/००३७४<br>जारी मितिः २०७०/०२/०५<br>जारी जिल्लाः मोरङ | नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी जीवन पौडेल कायम रहेको निम्न सवारी साधन।<br>**सवारी दर्ता नं. : ना १ ज ५८९४**<br>कम्पनीको नाम : टाटा मोटर्स<br>मोडेलः शुमो गोल्ड EX<br>इन्जिन नं.: 497SPTC43DTY613643<br>च्यासिस नं.: MAT446510GED03264<br>बनेको साल : २०१६ |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **८. ऋणीको नाम : निमेश प्रजापति**<br>बुवाको नामः सुकु भाई प्रजापति<br>बाजेको नामः कुल वहादुर प्रजापति<br>स्थायी ठेगानाः गोंगबु गा.वि.स.-६, काठमाण्डौं<br>हालको ठेगानाः टोखा न.पा.-९, काठमाण्डौं<br>ना.प्र.नं.: १४११/४०१७, जारी मितिः २०५७/११/१७<br>जारी जिल्लाः काठमाण्डौं<br>**कर्जा शीर्षकः हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालयः गोंगबु, काठमाण्डौं** | **क) नामः ज्ञानु प्रजापती (शाही)**<br>पतिको नामः निमेश प्रजापति<br>ससुराको नामः सुकु भाई प्रजापति<br>स्थायी ठेगानाः गोंगबु गा.वि.स.-६, काठमाण्डौं<br>हालको ठेगानाः टोखा न.पा.-९, काठमाण्डौं<br>ना.प्र.नं.: २५९००/४५६४<br>जारी मितिः २०५५/०३/२६<br>जारी जिल्लाः काठमाण्डौ | यातायात व्यवस्था कार्यालय वीरगंजमा गरिमा विकास बैकको नाममा दर्ता भई ऋणी निमेश प्रजापति कायम रहेको निम्न सवारी साधनः<br>सवारी दर्ता नं.: ना ६ ख २४२२<br>कम्पनीको नामः टाटा मोटर्स<br>मोडेलः LPT3118TC/56, बनेको सालः २०१५<br>च्यासिस नम्वरः MAT466420F1H19716<br>इन्जिन नं.: 51H63460813 |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **९. ऋणीको नाम : दुर्गा पशुपंक्षी तथा कृषि उत्पादन केन्द्र**<br>फर्मको ठेगाना : भेरीगंगा न.पा.- २, सुर्खेत<br>फर्म दर्ता नं. : ५२९२/०७५/०७६<br>फर्म दर्ता मिति : २०७६/०२/२०<br>फर्मको पान नं. : ६०९२०६७५५<br>फर्म दर्ता निकायः प्रदेश सरकार, कर्णाली प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विभाग समिति, मुख्य शाखा कार्यालय, सुर्खेत<br>**प्रोपराईटर : दुर्गा पौडेल**<br>**कर्जा शिर्षक : कृषि आवधिक कर्जा**<br>**शाखा कार्यालय : सुर्खेत** | **क) नामः दुर्गा पौडेल**<br>पतिको नाम : दिपक ढकाल<br>ससुराको नाम : हरि प्रसाद जैसी<br>स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत<br>ना.प्र.नं. : ३७३०३७/७९४-रुपन्देही<br>जारी मिति :२०६३/११/२७<br>जारी जिल्ला : सुर्खेत | **ख) नामः दिपक ढकाल**<br>बुवाको नाम : हरि प्रसाद जैसी<br>बाजेको नाम : देवीराम जैसी<br>स्थायी ठेगानाः लाटिकोइली गा.वि.स.- ८, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत<br>ना.प्र.नं. : ६८५६४, जारी मिति : २०६१/०६/०६<br>जारी जिल्ला : सुर्खेत |
| | **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, कावासोती नवलपरासीमा दिपक ढकालको नाममा दर्ता श्रेस्ता कायम रहेको प्रगतीनगर गा.वि.स. वडा नं.२क स्थित कित्ता नं. ३१२ को क्षे.फ. १०१५.७५ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **१०. ऋणीको नाम : उपाध्याय जेनरल स्टोर**<br>फर्मको ठेगानाः वीरगंज म.न.पा-८, पानीटंकी, पर्सा<br>दर्ता नं.: ३७३७७/०७५/७६ (स्थानीय व्यापार)<br>दर्ता मितिः २०७५/०७/०७, पान नं. ६०८६५१३१०<br>फर्म/कम्पनी दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज<br>**प्रोप्राईटर/धनजमानीकर्ताको नामः ललन उपाध्याय**<br>बुवाको नामः नवल किशोर उपाध्याय<br>बाजेको नामः जगरनाथ उपाध्या<br>स्थायी ठेगानाः प्रसौनी भाठा गा.वि.स.-३, पर्सा<br>हालको ठेगानाः बिन्दाबासिनी गा.पा.-५, पर्सा<br>ना.प्र.नं.३४१०६३/२९०, जारी मितिः २०६६/१२/१६<br>जारी जिल्लाः पर्सा<br>**कर्जा शीर्षकः साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालयः वीरगंज, पर्सा** | **क) नामः पिन्टु उपाध्या**<br>बुवाको नामः नवल किशोर उपाध्या<br>बाजेको नामः जगरनाथ उपाध्या<br>स्थायी ठेगानाः प्रसौनी भाठा गा.वि.स.-३, पर्सा<br>हालको ठेगानाः बिन्दाबासिनी गा.पा.-५, पर्सा<br>ना.प्र.नं.३४१०६३/६२४<br>जारी मितिः २०६९/०३/१९<br>जारी जिल्लाः पर्सा | **ख) नामः नवल किशोर उपाध्या**<br>बुवाको नामः जगरनाथ उपाध्या<br>बाजेको नामः महाविर उपाध्या<br>स्थायी ठेगानाः प्रसौनी भाठा गा.वि.स.-३, पर्सा<br>हालको ठेगानाः बिन्दाबासिनी गा.पा.-५, पर्सा<br>ना.प्र.नं.७०१००५७९<br>जारी मितिः २०३५/१०/२२<br>जारी जिल्लाः पर्सा |
| | **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय वीरगंज पर्सामा नवल किशोर उपाध्याका नाममा दर्ता श्रेष्ता कायम रहेको प्रसौनी भाठा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं.३९९, ४०१, १४६ र ६१ को क्षे.फ. क्रमशः २९७.५०, ११२.५०, ३३८.६३ र १४१० (वर्ग मिटर) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **११. ऋणीको नाम : श्रेष्ठ आलु प्याज सप्लायर्स**<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग बिकास समिति मुख्य शाखा दमौली, तनहुँ<br>ठेगाना : व्यास-१०, तनहुँ<br>दर्ता नः ३३८/०६४/०६५, पान नः ३०२८४६७००<br>**प्रोप्राइटर/धनजमानीकर्ताको नामः दिपक श्रेष्ठ**<br>बाबुको नाम : रामकुमार श्रेष्ठ<br>बाजेको नाम : रुद्रमान श्रेष्ठ<br>स्थायी ठेगाना : कुम्पुर-५, धादिङ<br>ना.प्र.नः २६२४३८७, जारी मितिः २०५४/१२/२८<br>जारी जिल्लाः धादिङ्ग<br>**कर्जा शिर्षक : हायर पर्चेज कर्जा, शाखा कार्यालय : दमौली, तनहुँ** | **क) नाम : कृष्णकुमारी श्रेष्ठ**<br>बाबुको नाम : गोकुलध्वज श्रेष्ठ<br>पतिको नाम : दिपक श्रेष्ठ<br>ससुराको नाम : राम कुमार श्रेष्ठ<br>स्थायी ठेगाना : कुम्पुर-५, धादिङ<br>ना.प्र.नं. : २६१/३२०६२<br>जारी मिति : २०६६/०९/२२<br>जारी जिल्लाः धादिङ्ग | यातायात व्यवस्था कार्यालय गण्डकीमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी **श्रेष्ठ आलु प्याज सप्लायर्स** कायम रहेको निम्न अनुसारको सवारी साधन १ थान।<br>**सवारी दर्ता नं. :– ग.२.च. १५७९**<br>कम्पनिको नामः TATA Motors<br>बनेको साल :- २०१५<br>ईन्जिन नम्बर :- 4SPCR10CUY609977<br>च्यासिस नम्बरः- MAT374445FSC01923 |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **१२. ऋणीको नाम : शन्तोष परियार**<br>बावुको नाम : हर्क बहादुर दमाई<br>बाजेको नाम : रन्जित बहादुर<br>स्थायी ठेगाना : हल्दीबारी गा.वि.स-३, झापा<br>हालको ठेगाना : भद्रपुर न.पा.-७, झापा<br>ना.प्र.नं.: ३५७४१६७६, जारी मिति : २०५७/०५/२७<br>जारी जिल्ला : झापा<br>**कर्जा शीर्षक : आवास कर्जा, शाखा कार्यालय : चन्द्रगढी, झापा** | **क) नामः हर्क बहादुर दमाई**<br>बावुको नाम : रन्जित बहादुर<br>बाजेको नाम : तामे परियार<br>स्थायी ठेगाना : भद्रपुर न.पा.-७, झापा<br>हालको ठेगाना : भद्रपुर न.पा.-७, झापा<br>ना.प्र.नं.: ०४-०१-७६-०६७०५<br>जारी मिति : २०७६/०४/१३<br>जारी जिल्ला : झापा | **ख) नामः एलिसा सुन्दास**<br>पतिको नाम : शन्तोष परियार<br>ससुराको नाम : हर्क बहादुर दमाई<br>स्थायी ठेगाना : महेन्द्रनगर गा.वि.स ९, सुनसरी<br>हालको ठेगाना : भद्रपुर न.पा.-७, झापा<br>ना.प्र.नं.: ०६१०४२/१२८९४४<br>जारी मितिः २०६५/०३/३०<br>जारी जिल्लाः सुनसरी |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, झापामा शन्तोष परियारको नाममा दर्ता श्रेस्ता कायम रहेको चन्द्रगढी गा.वि.स/न.पा स्थित वडा नं. ६ को कित्ता नं. ३९७० क्षे.फ. ०-२-०-० (बिघा ) भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **१३. ऋणीको नामः कौशिला कृषी पशुपालन फर्म**<br>फर्मको ठेगानाः कचनकवल गा.पा.-६, झापा<br>फर्म दर्ता नं. : ७८/१६९०/९९०६<br>फर्म दर्ता मिति : २०७६/०१/०५<br>फर्मको पान नं. : ६१०५४५२६७<br>फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापा<br>**साझेदारहरुः निरु माया राजवंशी र कौशिला राजवंशी**<br>**ऋणी/अख्तियार प्राप्त साझेदार/जमानीकर्ताको नाम : निरु माया राजवंशी**<br>पतिको नाम : कर्णलाल राजवंशी<br>ससुराको नाम : रतिया राजवंशी<br>स्थायी ठेगाना : कचनकवल गा.पा.-७, झापा<br>हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा<br>ना.प्र.नं. : ७६१५१११९०, जारी मिति :२०६०/०८/२८<br>जारी जिल्ला : झापा<br>**कर्जा शीर्षक : कृषि अधिविकर्ष कर्जा/लघुवित्त कर्जा**<br>**शाखा कार्यालय : बनियानी झापा** | **क) नामः कौशिला राजवंशी**<br>पतिको नाम : मनोहर लाल राजवंशी<br>ससुराको नाम : सगरु राजवंशी<br>स्थायी ठेगाना : बालुबाडी गा.वि.स.-५, झापा<br>हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा<br>ना.प्र.नं.: ०३/१५<br>जारी मिति : २०६२/०४/१०<br>जारी जिल्ला : झापा<br>**ख) नामः कर्णलाल राजवंशी**<br>बावुको नाम : रतिया राजवंशी<br>बाजेको नाम : पानिया राजवंशी<br>स्थायी ठेगाना : बालुवाडी गा.वि.स.-३, झापा<br>हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा<br>ना.प्र.नं. : ०४३०२६/५१०<br>जारी मिति :२०६३/११/१५<br>जाारी जिल्ला : झापा | **ग) नामः मनोहर लाल राजवंशी**<br>बुवाको नाम : सगरु राजवंशी<br>बाजेको नाम : कन्ठिया राजवंशी<br>स्थायी ठेगाना : बालुवाडी गा.वि.स.-५, झापा<br>हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा<br>ना.प्र.नं.: ०४१०२६/१४८<br>जारी मिति : २०६५/१२/१९<br>जाारी जिल्लाः झापा<br>**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय भद्रपुर, झापामा निरुमाया राजवंशी र कौशिला राजवंशीको संयुक्त नाममा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला बनियानी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ४२३ को क्षे.फ. ३०३७.४६ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|---|
| **१४. ऋणीको नाम : सुनपुरा रोका**<br>बाबुको नाम : गोरे रोका<br>पतिको नामः कुमार पुन<br>ससुराको नाम : कर बहादुर रोका<br>ठेगाना : उवा गा.वि.स. वडा नं. २ रोल्पा<br>हालः राप्ति गा.पा.वडा नं.१ लालमटिया, दाङ्ग<br>ना.प्र.न. ३९६६/०४४,<br>जारी मितिः २०४४/१२/२२, जारी जिल्लाः रोल्पा<br>**कर्जा शीर्षक : हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय : नारायणगढ, चितवन** | **क) नामः हुकुम बहादुर वली**<br>बाबुको नाम : दुर्गा प्रसाद वली<br>बाजेको नाम : नन्द सिंह वली<br>स्थायी ठेगानाः जैकोट गा.वि.स. वडा नं. ८ रोल्पा<br>हालको ठेगाना : घोराही उ.म.न.पा.वडा नं. १६ लेटार, दाङ्ग<br>ना.प्र.न. : १३०९/०४४<br>जारी मितिः २०४४/११/०९<br>जारी जिल्लाः रोल्पा | नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी **सुनपुरा रोका** कायम रहेको निम्न सवारी साधन।<br>**सवारी साधन नं : ना. ६ ख. ५४३**<br>कम्पनिको नाम : TATA Motors India Ltd.<br>मोडेल : LPO 1512 TC/53 , बनेको साल : २०१५<br>च्यासिस नं. : MAT412076FOF04695<br>इन्जिन नं. : 51E84230898 |

**शर्त बन्देजहरु :**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८१/०८/२६ गते बुधबार दिनको ४:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन्।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर,कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु.१,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

# किस्ना आचार्य ‘रोशनी’को ‘निरी मायाको’ सार्वजनिक




**काठमाडौं/मस–** गायक गोविन्द मधुर आचार्य र गायिका शान्तिश्री परियारको आवाजमा नयाँ गीत ‘निरी मायाको’ सार्वजनिक भएको छ। गीतमा संगीतकार तथा गायक ऋषि खड्काले संगीत भरेका छन् भने गीतकार तथा संचारकर्मी किस्ना आचार्य ‘रोशनी’को शब्द रचना छ।

गीतको म्युजिक भिडियोलाई निर्देशक तथा कोरियोग्राफर मौसम हिमालीले निर्देशन गरेका छन्। राजेश घिमिरेको छायांकन रहेको भिडियोम विकास ज्ञवालीको सम्पादन छ। गीतको कथामा मोडल विमल अधिकारी र साया भण्डारी देखिएका छन्। उक्त गीतलाई ‘तपस्या इन्टरटेन्मेन्ट’ युट्युब च्यानलबाट हेर्न सकिन्छ।

हाल मध्यान्ह राष्ट्रिय दैनिकमा मनोरञ्जन संयोजकका रूपमा कार्यरत रोशनीको शब्द रचनाका थुप्रै गीतहरू यसअघि पनि सांगीतिक बजारमा उपलब्ध छन्। विगत लामो समयदेखि गीत लेखन र संचार क्षेत्रमा सक्रिय उनको आचार्यलगायतको टिमसँग भने यो पहिलो सहकार्य हो।

बागलुङ जिल्लाका धुल्लु बाँस्कोटाकी छोरी किस्ना आचार्य सानैदेखि गीत, संगीतमा रुचि राख्थिन्। निरन्तर पत्रकारिता र गीत, संगीतमा क्रियाशील उनी लोक दोहोरी, सालैजो, पञ्चेबाजा, झ्याउरे, तीज, दसैं, आधुनिक विधामा पनि पोख्त छन्। उनका लघु कथा, फुटकर गजल, कथाका अतिरिक्त कला, संस्कृतिका विविध आयामसम्बन्धी लेख पनि प्रकाशित छन्।

# मौलिक पञ्चेबाजा रत्यौली गीत ‘फ्याट्ट पोइल’ सार्वजनिक




**काठमाडौं/मस–** गाउँमा रोधीमा जितेर मनपरेकी युवती भगाउने एक प्रकारको चलन नै छ। विवाहमा होस् या कसैको जन्त जाँदा पनि मनपरेका युवायुवतीले दोहोरी गाउने रमाइलो नाचगान गर्ने र मनपरे भागेर जाने एक प्रकारको परम्परा नै छ।

विवाहमा सरिक युवाहरूले नाचगान र रमाइलो गर्दा गर्दै मनपरेकी युवती भगाएर लगेको कथालाई निर्देशक प्रवीन थापाले कलात्मक रूपमा ‘फ्याट्ट पोइल’ गीतको भिडियोमा समावेश गरेका छन्। शुक्रबार बिहान बाबा इन्टरटेन्मेन्ट टीभीमार्फत सार्वजनिक भएको पञ्चेबाजा रत्यौली ‘फ्याट्ट पोइल’ गीतका शब्द प्रवेश पौडेलले लेखेका हुन् भने संगीत पनि उनैले भरेका छन्। पछिल्लो समय नेपाली लोक दोहोरीमा जमेकी गायिका अस्मिता डल्लाकोटी र पौडेलको स्वरमा सजिएको गीतको संगीत संयोजन याम थापा मगरले गरेका हुन्।

स्मारिका ढकाल, सरोज प्रजा, सुरेश कोहली र सम्झना थापा छेत्रीले कम्मर मर्काएको भिडियोमा गायिका डल्लाकोटी दुलही र लोक तथा दोहोरी गायक शक्तिकुमार गोदारले दुलहाका भूमिकामा अभिनय गरेका छन्।

प्रेम सफल भएपछि शत्रु जलून् र छोराछोरी जन्माएर घर बलियो बनाउने संकल्प यो जोडीको कथाले बोलेको छ। नवराज उप्रेतीले खिचेको भिडियोलाई अमृत चापागाईंले सम्पादन गरेका हुन् भने तिलु शर्मा पौडेल भिडियोका निर्माता हुन्।

# ‘जुनेली’ लिएर आए गोविन्द भट्ट




**काठमाडौं/मस–** लोकप्रिय गीतकार गोविन्द भट्टको पछिल्लो कोसेली नयाँ म्युजिक भिडियो ‘जुनेली’ सार्वजनिक भएको छ। आइतबार ‘गरिमा फिल्म्स’मार्फत उक्त भिडियो सार्वजनिक गरिएको हो। गीतमा समीक्षा अधिकारीको स्वर छ भने संगीत बाबुल गिरीले दिएका छन्।

भिडियोमा गोविन्द भट्ट, रिना गुरुङ, प्रेम सुब्बा, कविता आले, सुवास गजुरेललगायतका कलाकारहरूको दमदार अभिनय छ। उत्सव दाहालले छायांकन र सहिल खानले सम्पादन गरेको सो भिडियोको निर्देशन नयाँ पुस्ताका निर्देशन देवेन्द्र पाण्डेले गरेका हुन्।

धादिङ जिल्लाको रुबी भ्यालीको रमणीय स्थलमा छायांकन गरिएको उक्त भिडियो फिल्मी शैलीको रहेकाले यसलाई म्युजिक भिडियोको क्षेत्रमा नयाँ आयामको रूपमा लिइएको छ। यसमा जिम्मलकी छोरीले गोठालोसँग गरेको प्रेमकथा-कहानी उतारिएको छ।

भिडियो सार्वजनिकको पूर्वसन्ध्यामा ल्याइएको पोस्टरकै आधारमा टिकटकमा समेत ‘भाइरल’ भइसकेको छ।

उसो त गीतकार भट्टका हालसम्म २ दर्जनभन्दा बढी गीत प्रकाशनमा आइसकेका छन् भने सय हाराहारीमा प्रकाशोन्मुख छन्। लोकदोहोरी, आधुनिक, चलचित्र सबै विधाका गीत लेख्न उत्तिकै माहिर उनको चलचित्र ‘सिटामोल’ छिट्टै आउँदै छ।

भट्टले गीतलेखनबाट थुप्रै सम्मान, पुरस्कार तथा अवार्ड पाइसकेका छन्। केही दिनअघि पनि उनले ‘चौथो स्पर्श म्युजिक भिडियो अवार्ड, २०८१’मा सर्वोत्कृष्ट गीतकारको अवार्ड हातपारेका छन्।

त्यस्तै, उनलाई ‘चौथो स्पाइनी ब्याब्लर इन्टरनेसनल फिल्म फेस्टिभल, २०२४’ मा ‘राष्ट्रिय कला सम्मान’ प्रदान गरियो। त्यसअघि पनि भट्टले ‘गोल्डेन हर्स इन्टर नेसनल अवार्ड, २०२२’ (गाउँले ठिटो’ बोलको गीतबाट, सर्वोत्कृष्ट गीतकार), ‘गोल्डेन इन्टरनेसनल म्युजिक अवार्ड, २०२४’ (‘तँई का ठमक’ बोलको गीतबाट सर्वोत्कृष्ट गीतकार), ‘११औं छायाछबि तीज म्युजिक अवार्ड, २०८१’मा ‘जुरी’ पाइसकेका छन्।

लोकदोहोरी प्रतिष्ठान र गीतकार संघको आजीवन सदस्य रहेका भट्ट रोयल्टी नेपालका पनि सदस्य हुन्।

# राजेशपायल राईको स्वरमा ‘एनपीएल’ गीत सार्वजनिक




**काठमाडौं/मस–** लोकप्रिय गायक राजेशपायल राईको स्वरमा रहेको नयाँ क्रिकेटसम्बन्धी गीत ‘खेलौं एनपीएल, हेरौं एनपीएल’ सार्वजनिक भएको छ। नारायण रेग्मीको शब्द रचना, लक्ष्मण पोखरेलको संगीत रहेको गीतमा अशोक थापाको संगीत संयोजन छ।

नेपाली क्रिकेट फ्यान र खेलाडीहरूलाई उत्प्रेरणा दिनेगरी तयार पारिएको गीतमा सर्वाधिक सफल गायक राजेशपायल राईले निकै मीठो स्वर दिएका छन्। बजारमा आइरहेका क्रिकेट गीतहरूमध्ये यो गीत फरक खालको रहेको गायक राईले बताए।

नेपाली खेलकुदको समग्र विकासका लागि तथा खेलप्रेमी दर्शक र खेलाडीहरूलाई थप हौसला प्रदान गर्नेमा आशावादी रहेको गायक राईले बताए।

किरणसिंह थापाको रेकर्डिङ, मनोज डंगोलको मिक्सिङ मास्टरिङ रहेको गीतमा नरोत्तम पाण्डेको क्यामरा र सम्पादन छ। गीतमा गायक स्वयंको अभिनय छ। गीत कि अफ लाइफ युट्युब च्यानलबाट सार्वजनिक भएको छ।

**UAE मा रोजगार** Rukn Al Nahda Concrete Carpenter Cont.

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/४/३२ चलानी नं. ६०२२३६८३ LT.No. 308985

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
